**एमपक्स सङ्क्रमणबाट बचौं र बचाऔं**

- विदेशबाट आउने जोकोहीमा एमपक्सको सम्भावित जोखिम हुने हुनाले अनिवार्यरूपमा स्वास्थ्य परीक्षण गराऔं,
- ज्वरो आउने, टाउको दुख्ने, शरीर सुन्निने, ढाड दुख्ने, मांसपेशी दुख्ने एमपक्स रोगका प्रमुख लक्षणहरू हुन्,
- त्यस्ता लक्षणहरू देखा परे स्वास्थ्य परीक्षण गराऔं,
- एमपक्स अत्यन्तै सङ्क्रामक रोग भएकोले सङ्क्रमण हुनासाथ आइसोलेशनमा बसौं,
- घना बस्ती र शहरी क्षेत्रमा यसको सङ्क्रमण छिटो बढ्ने भएकोले सचेतना बढाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

epprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
epprateekdaily.com

❖ वर्ष ३८ ❖ २०८१ माघ ०८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2025 January 21 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १४४

## पूर्वाधार कार्यालयमा अनियमितता बढेको पूर्वमुख्यमन्त्री यादवको आरोप

## कार्यालय प्रमुख साहविरुद्ध छानबीन गरी कारबाई गर्न माग

प्रस, वीरगंज, ७ माघ/

बाराको कलैयास्थित पूर्वाधार कार्यालयमा गत आवमा भएको विकास निर्माणका काममा अनियमितता भएको भन्दै सोको छानबीनका लागि मधेस प्रदेशसभामा माग गरिएको छ ।



मधेस प्रदेशका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले पूर्वाधार कार्यालय, कलैयाबाट विभिन्न योजनाहरूमा भएको आर्थिक अनियमितताको छानबीन गर्न सोमवार बसेको प्रदेशसभा बैठकमा माग गरेका छन् । यादव मुख्यमन्त्री रहँदा पनि सो कार्यालयको प्रमुखमा राजेन्द्र साह थिए । उनी विवादित छविको भएका र पर्साबाट बारामा आएर भ्रष्टाचारलाई निरन्तरता प्रदान गरेको पूर्वमुख्यमन्त्री यादवको आरोप थियो ।

साहले भ्रष्टाचारमा अख्तियार दुरुपयोग अनुसन्धानमा पनि मुद्दा खेपेका थिए । आज विशेष समयमा पूर्वमुख्यमन्त्री यादवले पञ्चवर्षीय गढीमाई मेलालाई केन्द्रित गरेर गत आव २०८०/८१ को वैशाखमा आफू मुख्यमन्त्री भएको बखत २१ करोडको योजना प्रस्तुत गरेको तर त्यसलाई टुक्राटुक्रा पारेर कामै नगरी सकाएको आरोप लगाए ।

उनले भौतिक पूर्वाधार विकास मन्त्रालयबाट साहले २१ करोडको इस्टिमेट अनुसार २१ करोड निकासा बुझेको तर ४०/४० लाखका तीनवटा योजना र बाँकी १०/१० लाखका योजना टुक्रा पारेर काम गरेको र यसो गर्दा कतिपय योजनाहरूमा कामै नभएर भुक्तानी गरिएको हुँदा सो विषयमा छानबीन हुनुपर्ने माग गरे ।

उनले महागढीमाई नपाका एकजना ठेकेदारले कमिशन नदिएको कारण उनको भुक्तानी रोकिएको आरोप पनि लगाए । राम्रो काम गरेका ठेकेदारले कमिशन नदिएकै कारण भुक्तानी रोकिएको विषयमा पनि छानबीन गर्न माग गरे । उनले यस अघि पूर्वाधार कार्यालय, बाराका प्रमुख साहले अधिकांश योजनामा सन्तोषजनक काम नगरेको र उनले १६ करोडको योजना सम्पन्न भएको भनी रकम मागदाबी गर्दा आफूले रोकेको बताए ।

पूर्वमुख्यमन्त्री यादवले महेन्द्रनारायण निधि जनता आवास कार्यक्रम अन्तर्गत पाँच सय गरीबका घर निर्माणका लागि पठाएको रकममा पनि साहले लक्षित समुदायको भवनमा लगानी नगरी त्यसलाई पनि टुक्रा पारेर एक हजार ६०० परिवारमा खर्च गरेको र उनीहरूसँग पनि कमिशन बुझेको आरोप लगाए । उनले लक्षित समूहमा खर्चेको भए पाँच सय गरीबको घर बन्ने थियो तर एक हजार ६०० गरीबमा ५० हजारका दरले रकम वितरण गरिएकोले सबैको घर अधूरो रहेकोले यस विषयमा पनि छानबीन हुनुपर्ने माग राखे ।

मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डलले घटनाबारेमा यस अघि पनि ध्यानाकर्षण भएको र अहिले पनि सम्बन्धित निकायहरूलाई छानबीन समिति गठन गरेर कारबाही प्रक्रिया अगाडि बढाउन लिखित पत्राचार गरिने बताए ।

## प्रहरीले तस्करी खुला गरेका नाकाहरूबाट गाँजा तस्करी

धर्मेन्द्र चौरसिया, पोखरिया, ७ माघ/



जिल्ला प्रहरी कार्यालय, पर्साले १९५ किलो गाँजासहित एकजनालाई पक्राउ गरेको छ ।

बा.प्र.०३-००१ख३५८७ नम्बरको ट्रकबाट पर्सा जिल्लाको तिलावे खोलादेखि दक्षिणतर्फ भारतीय सीमा रहेको अमरपट्टितर्फ जाने क्रममा सूचनाको आधारमा पर्सा प्रहरीले माघ ५ गते राति सो परिमाणको गाँजा बरामद गरेको थियो । इलाका प्रहरी कार्यालय, पोखरियाले सूचनाको आधारमा ट्रक रोकी चेकजाँच गर्दा ट्रकको हुडमाथिको खाली ठाउँमा त्रिपालले छोपेर राखिएको अवस्थामा गाँजा बरामद भएको थियो । गाँजा बरामद भएपछि प्रहरीले ट्रक चालक सुकमान महर्जनलाई नियन्त्रणमा लिएको थियो ।

पछिल्लो समय अमरपट्टि नाका भएर तस्करी बढेको छ । नेपाल-भारत चोरी तस्करी कार्य यो नाकाबाट निर्बाधरूपमा हुने गरेकोले गाँजा तस्करले पनि यही नाकाबाट मकवानपुर र धादिङबाट भित्रिएका गाँजालाई भारततर्फ पुऱ्याउँदै आएका छन् । सुरक्षाकर्मीहरूले चोरी तस्करीका लागि खुला गरेका नाकाहरूबाटै अहिले गाँजाको तस्करी हुने गरेको स्रोतले जनाएको छ । लाइन खुलेका नाकाहरूमा सुरक्षा व्यवस्था कमजोर हुने र त्यसैको फाइदा गाँजा तस्करहरूले उठाउँदै आएका छन् ।

पर्सा, बारा र रौतहटमा सुरक्षाकर्मीहरूले तस्करीका लागि खुला गरेका नाकाहरूबाटै नेपाल र भारतका सुरक्षाकर्मीहरूले गाँजा बरामद गर्दै आउनुको कारण पनि तस्करीको लाइन नै भएको स्रोतको दाबी छ ।

## नृसिंह माविका २०४ जना विद्यार्थीलाई साइकल वितरण

प्रस, परवानीपुर, ७ माघ/

हेला इन कर्पोरेशन चीनको सहयोगमा चाइना फाउन्डेशन फर रुलर डेभलपमेन्टले वीरगंज महानगरका तीन विद्यालयमा साइकल वितरण गर्दैछ ।



चाइना फाउन्डेशन फर रुलर डेभलपमेन्टको आयोजनमा सोमवार वीरगंज महानगरपालिका-१५ स्थित नृसिंह माविमा कक्षा सातमा अध्ययनरत २०४ जना विद्यार्थीलाई साइकल वितरण गरिएको थियो । उपप्रमुख इम्तियाज आलमले साइकल वितरण गर्दै चीन सरकारप्रति आभार व्यक्त गरे । उनले साइकल पाएपछि विद्यार्थीहरूको अध्ययनमा सघाउ पुग्ने बताए । समयमा विद्यालय आउन र ट्युसन, कोचिङ क्लास गर्न सघाउ पुग्ने उनले बताए ।

विद्यालय व्यवस्थापन समितिका पूर्वअध्यक्ष रामनारायण कुर्मीको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रमेश यादव, चिनियाँ दूतावासका वाणिज्यदूत वाङ चिङ, समाज कल्याण परिषद्का सदस्यसचिव मनोज भट्ट, प्रधानाध्यापक हरेन्द्र कुर्मीलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण राधेश्याम पटेलले गरेका थिए ।

चाइना फाउन्डेशन फर रुलर डेभलपमेन्टले वीरगंज महानगरपालिकाका तीनवटा विद्यालयमा कक्षा सातमा अध्ययनरत विधार्थीहरूलाई साइकल वितरण गर्ने बताएको छ । वीरगंज महानगर-४ स्थित रामकुमार महावीरप्रसाद कन्या मावि र वीरगंज महानगर-२ छपकैयास्थित ताराचन्द अग्रवाल माविमा क्रमशः ९३ र ७६ थान साइकल वितरण गर्ने सो संस्थाले जानकारी गराएको छ ।

## कृषि विकास बैंकले निजी क्षेत्रमा लगानी विस्तार गर्नुपर्छ -अध्यक्ष अग्रवाल

प्रस, वीरगंज, ७ माघ/

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले कृषि विकास बैंकले नामजस्तै किसानहरूको लागि कार्य गरेको बताएका छन् ।

कृषि विकास बैंकको ५८औं वार्षिकोत्सवको अवसरमा सोमवार मधेस प्रदेश कार्यालय, वीरगंजले आयोजना गरेको कार्यक्रमको उद्घाटन गर्दै बैंकले किसानलाई लक्षित गर्दै ल्याउने योजना र अनुदानलाई अझै फराकिलो पार्नुपर्ने सुझाए । उनले किसानलाई दिने अनुदानलाई निरन्तरता दिएर कृषकमैत्री कार्यक्रम बैंकले ल्याउनुपर्ने बताए । उनले किसानहरूका साथै बैंकले निजी क्षेत्रमा पनि लगानी गर्नुपर्ने बताए । उनले निजी क्षेत्रमा लगानीको वातावरण रहेको बताउँदै बैंकले लगानी विस्तार गरी आर्थिक गतिविधिलाई चलायमान बनाउनुपर्ने बताए ।

कृषि विकास बैंक मधेस प्रदेश, वीरगंजका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमाल, वरिष्ठ अधिवक्ता देवेन्द्र सिंह, नेपाल वित्तीय संस्था कर्मचारी




वीरगंजका प्रबन्धक रामप्रसाद गजुरेलको अध्यक्षतामा आयोजित कार्यक्रममा सशस्त्र प्रहरी बल नेपाल १३ नं गण सङ्घ, पर्साका अध्यक्ष सञ्जयकुमार गुप्तालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

## अख्तियारले १७ वर्षपछि अन्सारीविरुद्ध मुद्दा दर्ता गऱ्यो

प्रस, वीरगंज, ७ माघ/

बारा जिल्लास्थित तत्कालीन आदर्श गाविस भवानीपुर-जीतपुर हाल जीतपुरसिमरा उपमहानगरपालिका अन्तर्गत विनियोजित रकम तथा घरभाडाबापतको रकम दाखिला नगरी हिनामिना गरेको मुद्दाका आरोपी तत्कालीन सचिव आसमहमद अन्सारीमाथि अख्तियार दुरुपयोग आयोगले सोमवार विशेष अदालतमा मुद्दा दर्ता गरेको छ ।

२०६४ सालमा स्थानीयले गाविस सचिव अन्सारीविरुद्ध दिएको मुद्दामा अख्तियारले आज १७ वर्षपछि निजविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको हो । सचिव अन्सारीले तत्कालीन गाविसबाट विनियोजन भएको रकम हिनामिना गर्नुका साथै घरभाडामा दिंदा धरौटीको रकम बैंक दाखिला नगरेको आरोप लगाउँदै स्थानीयले २०६४ सालमा मुद्दा दायर गरेका थिए ।

१७ वर्षअगाडि उजूरी दर्ता भएको यो मुद्दामा अहिले भर्खर छानबीन सकेर अख्तियारले आज विशेष अदालतमा मुद्दा दर्ता गरेको हो । साबिक आदर्श गाविस भवानीपुर-जीतपुर हाल जीतपुरसिमरा उपमहानगरपालिकाको स्वामित्वमा रहेको गुदरीबजार र मीनाबजारका सटरहरू उपभोक्तालाई भाडामा लगाउँदा सोबापतको धरौटी रकमसँगै सम्बन्धित कागजातहरू लुकाइ बुझबुझारथसमेत नगरेको र १२१ जना उपभोक्ताबाट अन्सारीले धरौटीबापतको रु ३८ लाख ३० हजार ५९९ हिनामिना गरेको भन्दै अख्तियारले विशेष अदालतमा मुद्दा दर्ता गरेको अख्यिारका प्रवक्ता नरहरि घिमिरेले बताए । बिगोसहित ऐनको दफा १७ ले निर्देश गरेबमोजिम सोही ऐनको दफा ३ को उपदफा (१)को देहाय (६) बमोजिम कैद सजाय गर्न अख्तियारको मागदाबी रहेको उनले बताए । सचिव अन्सारी अहिले अवकाश जीवन बिताइरहेका छन् ।

## गृहमन्त्रीलाई ज्ञापन, दोषीमाथि कारबाहीको माग

प्रस, वीरगंज, ७ माघ/

बारा जिल्ला महागढीमाई



नगरपालिका-१ बरियारपुरस्थित बलिका लागि विश्वप्रसिद्ध गढीमाई मन्दिरमा माघ ३ गते भएको तोडफोड र उदण्डताविरुद्ध राष्ट्रिय समता पार्टी नेपालले गृहमन्त्री रमेश लेखकलाई सोमवार ज्ञापनपत्र बुझाएर दोषीमाथि कारबाहीको माग गरेको छ ।

रासपाले बुझाएको ज्ञापनमा यही माघ ३ गते बिहीवार राति १० बजे केही व्यक्तिहरू मन्दिर परिसरमा प्रवेश गरी माघ १ गतेका दिन भाकलस्वरूप छाडिएका परेवाहरू चोर्ने प्रयास गरेका र उनीहरूलाई रोक्ने प्रयास गर्दा नगर प्रहरीसँग झडप भएको र सोको भोलिपल्ट ती व्यक्तिहरूले सुनियोजितरूपमा मन्दिर परिसरभित्र दानपेटिका र पङ्खाहरू तोडफोड गरेको भन्दै उनीहरूलाई कारबाही हुनुपर्ने माग गरेका छन् । ज्ञापनमा घटनाका दोषीहरू मन्दिर परिसरमा राखिएको सिसिटिभी फुटेजमा देखिएकोले उनीहरूलाई तत्काल पक्राउ गरी कारबाही गर्न माग गरिएको छ ।

रासपा अध्यक्ष विजयप्रकाश निषादको नेतृत्वमा महासचिव डा अभिषेक तिवारी र केन्द्रीय सदस्य छत्रबहादुर श्रेष्ठसहितको टोलीले गृहमन्त्री लेखकको निवासमा ज्ञापन बुझाएका हुन् । गृहमन्त्री लेखकले घटनाका दोषीहरूलाई कारबाही गरिने आश्वासन दिएका थिए ।

## सशस्त्र प्रहरी दिवसमा रक्तदान

प्रस, वीरगंज, ७ माघ/

२४औं सशस्त्र प्रहरी दिवसको अवसरमा सोमवार सशस्त्र प्रहरी बल १३ नं गण हेड क्वाटर, पर्साको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ । गणपति एवं सशस्त्र प्रहरी उपरीक्षक राधेश्याम धिमालले कार्यक्रमको उद्घाटन गरेका थिए ।

कार्यक्रममा मूर्तिकुमारी भण्डारी, झलक गुरुङ, नवराज पाण्डे, अनिल यादव, सञ्जय तामाङ, रोशन थापा, केदार तिमल्सिना, सागरकुमार यादव, अजयप्रसाद यादव, दिगम्बर पण्डित, राजु




पटेल, कमल केसी, सुशील पौडेल, तेजबहादुर राना, अरविन्द चौधरीलगायतले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक जीतेन्द्र कुशवाहाले बताए ।

**विचारसार र सुक्तिहरू**

**अरूलाई दोषारोपण गर्नेले यात्राको लामो दूरी तय गर्न बाँकी छ, आफूमाथि दोषारोपण गर्ने आधा बाटो आइसकेको छ, जो कसैलाई दोष लगाउँदैन, उसले गन्तव्य छोइसकेको छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com


# पालिकामा बेथिति

**स्थानीय तह, जनताको प्रत्यक्ष सेवाको सबैभन्दा नजीकको निकाय तथा सरकार हो। यो तह दिनानुदिन गम्भीर समस्याको चक्रमा परेको छ। जनप्रतिनिधि र प्रशासन प्रमुखबीचको मनमुटाव, पालिका प्रमुख र उपप्रमुखबीचको बेमेल तथा अन्य पदाधिकारीबीचको असहमतिको अवस्था स्थानीय तहमा झाङ्गिँदै छ। यसले स्थानीय सरकारको कार्यक्षमतामा प्रत्यक्ष प्रभाव पारेको छ। पर्साको बहुदरमाई नगरपालिकामा प्रमुख र उपप्रमुखबीचको बेमेलको चक्र प्रमुख प्रशासकीय अधिकृत माथि पऱ्यो। अतः प्रमुख प्रशासकीय अधिकृत पनि बेमेलमा सहभागी भए। यसको फलस्वरूप सो पलिकाका शिक्षकहरूले छ महीनादेखि तलब पाएका छैनन्। शिक्षकले पारिश्रमिक नपाउँदा उनीहरूले विद्यालय बन्द गर्दै तालाचाबी प्रमुख जिल्ला अधिकारीसमक्ष बुझाए। शिक्षकशिक्षिकाले समयमा पारिश्रमिक नपाउँदा उनीहरूमाथि आश्रित परिवार समस्यामा छन्। त्यसैगरी, सोको विरोधस्वरूप विद्यालय बन्द गर्दा पालिका क्षेत्रका बालबालिकाको शैक्षिक भविष्य अन्योलमा पर्ने भयो। पालिकाका जिम्मेवार व्यक्तिहरूबीचको बेमेल, अविश्वास, फुट र झगडालाई यस घटनाले उजागर गरेको छ।**

**समस्याको मूल कारण स्थानीय तहका जिम्मेवार पदाधिकारीबीच स्पष्ट कार्यविभाजनको अभाव हो। नेपालको सङ्घीय व्यवस्थामा कानूनी अस्पष्टताले गर्दा जनप्रतिनिधिहरू र कर्मचारीहरूको भूमिकाबारे विवाद उत्पन्न हुने गरेका छन्। पालिकाका कार्यकारी अधिकृतहरूले कतिपय अवस्थामा निर्वाचित जनप्रतिनिधिको निर्देशनलाई बेवास्ता गर्ने गरेको पाइन्छ। अर्कोतर्फ पालिका प्रमुखहरूले प्रायः सहकार्यको वातावरण सिर्जना गर्न सकेका हुँदैनन्। यसबाहेक राजनीतिक प्रभाव पनि यस समस्याको कारक हो। फरकफरक राजनीतिक आस्थाका कारण पालिका प्रमुख र उपप्रमुखबीच सहकार्यको वातावरण बिग्रनु सामान्य भएको छ। त्यहाँ पदीय जिम्मेवारी र जनभावनाभन्दा पनि राजनीतिक आवरण अगाडि आइदिन्छ। राजनीतिक दलहरूको स्वार्थ र पार्टीगत दबाबका कारण नीति निर्माण र कार्यान्वयनमा सन्तुलन र निष्पक्षताको अभाव छ। जिम्मेवार पदाधिकारीहरूको असहमतिका कारण कतिपय पालिका तहमा नियमित सेवा कार्य अवरुद्ध छन्।**

**पालिकाको बेथितिका कारण शिक्षकहरूले समयमा तलब नपाउँदा विद्यालय सञ्चालनमैं समस्या आएको छ। यसले विद्यार्थीको भविष्य चौपट पार्छ। किसानको समस्या त्यस्तै छ। समयमा मल, बीउजस्ता आवश्यक सामग्री उपलब्ध नहुँदा कृषि उत्पादन प्रणालीमा नकारात्मक असर पुगेको छ। सामाजिक सुरक्षा भत्ता पाउनुपर्ने ज्येष्ठ नागरिक, एकल महिलालगायतका असुरक्षित वर्ग थप समस्यामा पर्छन्। बेमेलका कारण समयमा परिषद् सम्पन्न गर्न नसके सङ्घीय सरकारले बजेट पठाउँदैन। बजेट नभए औषधि अभावमा पालिकाका अति आवश्यक स्वास्थ्य सेवासमेत अवरोध हुँदा जनतालाई प्रत्यक्ष मार परेको छ, विकास निर्माणका कार्यहरू प्रभावित छन्। समाधानका लागि सङ्घीय सरकारले स्थानीय तहका पदाधिकारीहरूको कार्यक्षेत्र र जिम्मेवारीबारे स्पष्ट नियमावली बनाउनुपर्छ। जनप्रतिनिधिले पार्टीगत स्वार्थभन्दा माथि उठेर स्थानीय विकास र जनताको सेवामा केन्द्रित हुने हो भने बेमेल र बेथितिको समस्या न्यूनीकरण हुन सक्छ। यसको लागि उपल्लो तहका सरकार र राजनीति दल एवं नागरिक समाजलाई पनि पालिकाप्रतिको जिम्मेवारी बोध हुनु जरुरी छ।**

# सामुदायिक विद्यालयलाई कसरी सुधारोन्मुख बनाउने ?

स्वतन्त्र विचार




राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com


**समाज देखावटी बनेको छ। निजी विद्यालयमा मात्र राम्रो पढाइ हुन्छ, त्यहाँ प्रविधिजडित कक्षा कोठा हुन्छन्, अङ्ग्रेजीमा पढाइ हुन्छ, निजी विद्यालयमा पढायो भने बालबच्चाको भविष्य उज्ज्वल हुन्छ भन्ने भाष्य सिर्जना भएकै कारण सामुदायिक विद्यालयप्रति आकर्षण घट्दो छ।**

नेपालमा शिक्षाको लामो इतिहास भए पनि औपचारिक र सामुदायिक विद्यालयमा प्रजातन्त्र स्थापना भएपछि मात्र केही काम भएजस्तो देखिन्छ। २०४७ सालदेखि कुल बजेटमध्ये झन्डै १७ देखि २० प्रतिशत शिक्षा क्षेत्रमा र ८५ प्रतिशतभन्दा बढी सामुदायिक विद्यालयमा लगानी भएको छ।

तर निजी विद्यालयको तुलनामा सामुदायिक विद्यालयको कार्यसम्पादन निकै कम छ, जहाँ १५ प्रतिशत विद्यार्थी मात्रै पढ्छन्। आखिर के कस्तो कारणले सामुदायिक विद्यालयको स्तरोन्नति हुन सकिरहेको छैन र के गर्नुपर्छ।

**अपर्याप्त स्रोत र साधन**

सामुदायिक विद्यालयहरूमा आधारभूत भौतिक पूर्वाधार (जस्तै, भवन, पुस्तकालय, प्रयोगशाला) को कमी छ। स्रोत–साधनको अभावले शिक्षण प्रक्रियामा अवरोध पुऱ्याउँछ।

**शिक्षकको गुणस्तर र प्रोत्साहनको अभाव**

कतिपय सामुदायिक विद्यालयमा प्रशिक्षित र अनुभवी शिक्षकको अभाव छ। शिक्षकहरूको पारिश्रमिक र अन्य प्रोत्साहन सुविधाहरू कम भएका कारण उनीहरूको मनोबल कमजोर हुन्छ।

**स्थानीय समुदायको सहभागिताको कमी**

सामुदायिक विद्यालय भने पनि धेरै ठाउँमा स्थानीय समुदायको विद्यालयप्रति चासो र सक्रिय सहभागिता देखिंदैन। अभिभावक र समाजको असहयोगले विद्यालयको गुणस्तर सुधारमा प्रभाव पार्छ।

**शिक्षाको गुणस्तरप्रति ध्यान नदिइनु**

सामुदायिक विद्यालयहरूमा शिक्षाको गुणस्तरप्रति आवश्यक ध्यान दिएको पाइँदैन। पाठ्यक्रम, पठनपाठन शैली र मूल्याङ्कन प्रणाली प्रभावकारी नभएर विद्यार्थीको शैक्षिक प्रदर्शन कमजोर हुन्छ।

**नीतिगत कमजोरी**

शिक्षा क्षेत्रमा स्पष्ट नीति नहुनु वा भएका नीति कार्यान्वयनमा समस्या हुनु अर्को प्रमुख कारण हो। सरकारी अनुदानको उचित उपयोग र पारदर्शिता नहुँदा आवश्यक सुधार हुन सकेको छैन।

**प्रतिस्पर्धाको अभाव**

निजी विद्यालयहरूले गुणस्तरीय सेवा प्रदान गर्ने हुँदा सामुदायिक विद्यालयहरू प्रतिस्पर्धामा पछि परेका छन्।

निम्न र मध्यमवर्गीय परिवारका छोराछोरी अध्ययन गर्ने सामुदायिक विद्यालयको कमजोर व्यवस्थापन र शिक्षण सिकाइप्रति ध्यान नदिंदा शैक्षिक स्तर क्रमशः खस्किंदै गएको छ। राज्य र दातृ निकायले शिक्षा क्षेत्रमा उल्लेख्य लगानी गरिरहे पनि त्यस अनुरूप परिणाम आउन सकेको छैन। आर्थिक वर्ष २०८१–८२ को बजेटमा शिक्षा क्षेत्रका लागि दुई खर्ब तीन अर्ब ६६ करोड रुपियाँ विनियोजित गरिएको छ। जुन कुल बजेटको १०.९४ प्रतिशत हो।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार नेपालमा सामुदायिक विद्यालयको सङ्ख्या २७,३४३ छ। प्राथमिक विद्यालय झन्डै १५ हजार छन्। देशभर सामुदायिक माध्यमिक विद्यालयको सङ्ख्या ७,१३३ छ। जनसङ्ख्याका आधारमा सामुदायिक विद्यालय सुहाउँदो देखिए पनि कमजोर व्यवस्थापनका कारण शिक्षण सिकाइप्रति प्रश्न उठ्ने गरेको छ।

शिक्षा तथा मानवस्रोत विकास केन्द्रका अनुसार पछिल्लो पाँच वर्षमा मुलुकभरिका ९४० सामुदायिक विद्यालय बन्द भएका छन्। विद्यार्थीको अभाव देखाई विद्यालय बन्द भएका हुन्। भएका विद्यार्थी पनि निजी विद्यालयमा भर्ना हुने भएकाले विस्तारै सामुदायिक विद्यालय बन्द हुन थालेका छन्। दुर्गम बस्तीका प्राथमिक विद्यालयमा ५० को सङ्ख्या पनि नपुग्ने अवस्था छ।

समाज देखावटी बनेको छ। निजी विद्यालयमा मात्र राम्रो पढाइ हुन्छ, त्यहाँ प्रविधिजडित कक्षा कोठा हुन्छन्, अङ्ग्रेजीमा पढाइ हुन्छ, निजी विद्यालयमा पढायो भने बालबच्चाको भविष्य उज्ज्वल हुन्छ भन्ने भाष्य सिर्जना भएकै कारण सामुदायिक विद्यालयप्रति आकर्षण घट्दो छ। "दुःख गर्छु तर आफ्ना छोराछोरीलाई निजी स्कूलमैं पढाउँछु"– भन्छन् अभिभावकहरू। त्यसैले त निजी विद्यालय वा कलेजमा विद्यार्थीको चाप छ। यसको फाइदा भने विद्यालय सञ्चालकले लिएका छन्। विद्यार्थीको ओइरो लागेपछि निजी विद्यालयले आफूखुशी शुल्क बढाउन थालेका छन्। यसले गर्दा अभिभावक आर्थिक चपेटामा परेका छन्। यसलाई शिक्षाका नाममा व्यापार भन्नेको पनि कमी छैन। शुल्कमा एकरूपता ल्याउन पनि अधिकांश निजी विद्यालयलाई निश्चित मापदण्डमा ल्याइनुपर्छ।

देश सङ्घीय संरचनामा गएसँगै तत्कालीन जिल्ला शिक्षा कार्यालयले अनुगमन तथा नियमन गर्ने गरेका सबै विद्यालयसँग सम्बन्धित काम पालिकास्तरीय शिक्षा शाखाले गर्ने भनिए पनि यसको व्यावहारिक कार्यान्वयन अझै हुन सकेको छैन। धेरै विद्यालयमा सफा पानी, सरसफाइ र पर्याप्त कक्षाकोठा जस्ता आधारभूत सुविधाको अभाव छ। विद्यालय भवनको अवस्था र उपयुक्त उपकरणाको अभावले विद्यार्थीको सिकाइमैं बाधा पुगिरहेको छ। यसले समग्र शैक्षिक कार्यसम्पादनलाई असर गर्न सक्छ भन्ने कुरा राज्यका निकायले मनन नगर्दा सार्वजनिक विद्यालयका विद्यार्थी निजीमा जान विवश छन् र चर्को शुल्कको चपेटामा परेका छन्।

नेपालका दुर्गम क्षेत्रमा रहेका विभिन्न सामुदायिक विद्यालयको शिक्षण सिकाइ, भौतिक पूर्वाधार, विद्यार्थीको अवस्थाको अनुगमन हुन नसक्नु दुःखद पक्ष हो। स्थानीय सरकारले पनि आफ्नो क्षेत्रमा पर्ने विद्यालयको शैक्षिक अवस्थाबारे दैनिकजसो चासो व्यक्त गर्नुपर्छ। स्थानीय तहमा कर्मचारीको अभाव देखाई अनुगमन गर्न नसकिएको बताउँछन् सम्बन्धित तहका शिक्षा शाखाका कर्मचारी।

विश्व यतिबेला डिजिटलाइजेशनमा रमाइरहेको छ। हाम्रा विद्यालयमा भने प्रविधिको पहुँच छैन। पहुँच भएको ठाउँमा पनि अत्यन्त न्यून छ। दुर्गम बस्तीमा भएका विद्यालयमा कम्प्युटर पुगेको छैन, पुगेको भए पनि त्यहाँ विद्युत् पुगेको छैन। प्रविधिजडित कक्षा बनाउन राज्यले ढिला गर्नुहुन्न। प्रविधि, सामाजिक सञ्जालको प्रयोग, साइबरसम्बन्धी ज्ञान जस्ता विषयलाई कक्षा कोठासम्म पुऱ्याउन आवश्यक छ।

सामुदायिक विद्यालयले शैक्षिक विषयमा मात्र नभई आलोचनात्मक सोच, समस्या समाधान र सीपमा पनि केन्द्रित हुने थप गतिशील पाठ्यक्रम अँगाल्नुपर्छ। पाठ्यक्रममा विदेशी भाषा, कोडिङ र वित्तीय साक्षरताको परिचयले विद्यार्थीलाई द्रुतरूपमा परिवर्तन भइरहेको विश्वव्यापी अर्थतन्त्रका चुनौतीकबारे ज्ञान प्राप्त हुन्छ।

सामुदायिक विद्यालयका शिक्षकको तलब, भत्ता तथा सुविधा वृद्धि गर्नुपर्छ। 'ल एन्ड अर्डर' मजबूत बनाउनुपर्छ। आधारभूत विद्यालयमा अध्यापन गराउने शिक्षकको तलबले व्यक्तिगत आवश्यकतासमेत पूरा हुँदैन। जसका कारण शिक्षा आदानप्रदानमा भ्रष्टाचार, अनियमितताको चलखेल हुने गर्छ। कोही शिक्षक आफ्नो बढुवा भइहाल्छ कि भनेर पनि राजनीतिक पार्टीमा आबद्ध हुने गरेका छन्। यस्तो अवस्थाको अन्त्य हुनुपर्छ।

सामुदायिक विद्यालय सुधार गर्न पूर्वाधार र शिक्षक तालीम अभिवृद्धिको खाँचो छ। उचित व्यवस्थापन र अनुगमनको अभावले अकुशलता, भ्रष्टाचार र जवाफदेहिताको कमीका कारण सामुदायिक विद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरमा ह्रास आएको छ। शैक्षिक गुणस्तर अभिवृद्धिका लागि स्थानीय निकाय एवं प्रतिनिधि प्रतिबद्ध हुनुपर्छ। विद्यालयको आर्थिक, भौतिक एवं शैक्षिक र अन्य आवश्यक पूर्वाधार विकासका लागि सक्रिय भूमिका निर्वाह गर्ने कर्तव्यनिष्ठ स्थानीय पदाधिकारी हुनुपर्छ। सामुदायिक विद्यालयको अनुगमन गर्न सके त्यहाँ हुने अनियमितता धेरै हदसम्म रोक्न सकिन्छ।

भौतिक पूर्वाधारले पनि शिक्षण गतिविधिमा ठूलो प्रभाव गर्छ। धेरै सामुदायिक विद्यालयका संरचना पठनपाठनका लागि उचित छैनन्। त्यहाँ पूर्वाधार व्यवस्थापन गरी विद्यार्थीका लागि शिक्षण सिकाइमा सहज बनाउन राज्यले सहयोग गर्न आवश्यक छ।

दक्षिण कोरियाको शैक्षिक उपलब्धि उदाहरणीय छ। शैक्षिक उन्नतिको श्रेय शिक्षामा सरकारी लगानी, कठोर शिक्षक तालीम र शैक्षिक सफलतालाई महत्त्व दिने संस्कृतिलाई दिइन्छ। दक्षिण कोरियाका सामुदायिक विद्यालय अत्यधिक प्रतिस्पर्धी छन् र विद्यार्थीलाई शैक्षिक र व्यावसायिकरूपमा सफल हुन आवश्यक उपकरण प्रदान गरिन्छ। नेपालले शिक्षामा दक्षिण कोरियाको व्यवस्थित लगानी, प्रतिस्पर्धात्मक र समावेशी विद्यालय वातावरण सिर्जना गर्न सिक्नुपर्छ।

सिङ्गापुरको शिक्षा प्रणालीले सुधारका लागि शिक्षकको नियमित मूल्याङ्कन र मूल्याङ्कनका साथसाथै निरन्तर सुधारमा जोड दिन्छ। शिक्षकलाई नियमित प्रशिक्षित गरिन्छ र उनीहरूको कार्यसम्पादनमा प्रोत्साहन गरेको पाइन्छ। नेपालले पनि आफ्ना शिक्षकको मूल्याङ्कन र पाठ्यक्रम सुधारका लागि यी संयन्त्र लागू गर्न सक्छ।

सामुदायिक विद्यालय सुधारका लागि सरकार मात्रै अघि बढेर हुँदैन। विद्यालयलाई सार्वजनिक सम्पत्ति मानेर संरक्षण गर्नु सबैको दायित्व हो। विद्यालय प्रशासनलाई जवाफदेह बनाउन अनुगमन र प्रश्न आवश्यक पर्छ। हाल सामुदायिक विद्यालयको प्रभावकारी अनुगमन भएको देखिंदैन। विद्यालयको भौतिक सम्पत्ति संरक्षण र संवर्द्धन गर्ने प्रमुख जिम्मेवारी भनेको स्थानीय तहकै हो। सामुदायिक विद्यालय गुणस्तरीय भए मात्र देशको शैक्षिक अवस्था बलियो हुन्छ। शिक्षा प्रणाली सुधार्न निजी होइन, सार्वजनिक विद्यालयकै सुधारमा ध्यान दिनुपर्छ।

**सामुदायिक विद्यालयको गुणस्तर विकास गर्न के गर्न सकिन्छ ?**

**१. स्रोत र साधनको व्यवस्थापन**

पर्याप्त भौतिक पूर्वाधार (भवन, पुस्तकालय, प्रयोगशाला) निर्माण। डिजिटल शिक्षाका लागि कम्प्युटर र इन्टरनेटको पहुँच तथा पाठ्यपुस्तक र शैक्षिक सामग्रीको समयमैं उपलब्धता।

**२. शिक्षकको क्षमता विकास**

शिक्षकहरूलाई नियमित तालीम र पुनर्तालीम कार्यक्रमहरूमा सहभागी गराउने र दक्ष शिक्षकहरूलाई आकर्षित गर्न आकर्षक पारिश्रमिक र सेवा सुविधा दिने। शिक्षकहरूको प्रदर्शनको नियमित मूल्याङ्कन गरी सुधारका उपाय लागू गर्ने।

**३. नीतिगत सुधार**

शिक्षा क्षेत्रमा स्पष्ट र व्यावहारिक नीति निर्माण तथा सरकारी अनुदानको पारदर्शी वितरण र सही उपयोग गर्ने।

सामुदायिक विद्यालयहरूको प्रशासनमा स्थानीय सरकार र विद्यालय व्यवस्थापन समितिको भूमिका मजबूत बनाउने।

**४. समुदायको सक्रिय सहभागिता**

अभिभावक र स्थानीय समुदायलाई विद्यालयको निर्णय प्रक्रियामा सहभागी गराउने। विद्यालय सुधारका लागि सामुदायिक अभियान सञ्चालन गर्ने।

विद्यालयको अनुगमन र मूल्याङ्कनमा स्थानीय सक्रियता बढाउने।

**५. शिक्षाको गुणस्तर सुधार**

बालमैत्री र सहभागी शिक्षण शैली लागू गर्ने, विद्यार्थीहरूको नियमित मूल्याङ्कन र सुधारात्मक कदमहरू चाल्ने।

पाठ्यक्रमलाई रोजगारमूलक र व्यावहारिक बनाउने।

**६. समानता र पहुँचको सुनिश्चितता**

गरीब, दलित, महिला र पिछडिएको वर्गका बालबालिकाहरूको शिक्षामा पहुँच बढाउन विशेष कार्यक्रम लागू गर्ने, छात्रवृत्ति र अन्य प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने।

**७. प्राविधिक र व्यावसायिक शिक्षा समावेश**

सामुदायिक विद्यालयहरूमा प्राविधिक र व्यावसायिक तालीमहरू उपलब्ध गराई रोजगारमूलक शिक्षा प्रवर्द्धन गर्ने।

**८. निजी क्षेत्रसँग सहकार्य**

निजी विद्यालय र संस्थाहरूसँग सहकार्य गरी स्रोत र प्रविधि आदानप्रदान गर्दै साझेदारी मोडेलमार्फत सामुदायिक विद्यालयहरूको सुदृढीकरण गर्ने।

# स्ववियु निर्वाचन चैत ५ गते हुने

काठमाडौं, ७ माघ/रासस

त्रिभुवन विश्वविद्यालय स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन आगामी चैत ५ गते गर्ने सहमति भएको छ। त्रिविका शिक्षाध्यक्ष डा खड्ग केसीको अध्यक्षतामा सोमवार बसेको विद्यार्थी कल्याण परिषद्को बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्यसचिव पशुपति अधिकारीले जानकारी दिए।

यस अघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन फागुन १५ गते गर्ने तोकिएको थियो। विद्यार्थी कल्याण तथा खेलकूद निर्देशनालयका निर्देशकसमेत रहेका डा केसीले कानूनी जटिलता आउने भएकाले अघिल्लो कार्यकालमा भएको समयमा नै स्ववियु निर्वाचन गर्ने निर्णय गरिएको बताए।

"वर्तमान कार्यसमितिको दुई वर्षको कार्यकाल राखिएको छ। आगामी चैत ५ गते ठीक दुई वर्ष पुग्छ," उनले भने, "कानूनी जलिटता नआओस् भनेर अघिल्लोपटक निर्वाचन भएको मितिमैं निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिश गरिएको छ।"

यस अघि २०७९ चैत ५ गते स्ववियु निर्वाचन भएको थियो। प्रत्येक दुई/दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमितरूपमा भएको छैन। २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक २०७३ चैत १५ गते भएको थियो। त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो। त्यति बेला नौवटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन।

स्ववियु निर्वाचन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ। निर्वाचनका लागि २८ वर्षे उमेर हद र मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# कर्जा लगानी बढ्न नसक्नु चिन्ताको विषय -अर्थमन्त्री पौडेल

काठमाडौं, ७ माघ/रासस

उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले बैंकबाट कर्जा लगानी अपेक्षितरूपमा बढ्न नसक्नु चिन्ताको



विषय भएका बताएका छन्।

कृषि विकास बैंक लिमिटेडको सोमवार आयोजित ५८औं वार्षिकोत्सवका अवसरमा अर्थमन्त्री पौडेलले बैंकहरूमा निक्षेप सङ्कलन राम्रो देखिए पनि कर्जा प्रवाह बढ्न नसक्नु गम्भीर विषय रहेको बताए। “पछिल्लो दिनहरूमा बैंकको बचत बढेको छ तर कर्जा अपेक्षितरूपमा बढेको छैन। यो चिन्ताको विषय हो। हामीले उत्पादन, उत्पादकत्व वृद्धि गर्ने र रोजगार सिर्जना गर्ने सम्भावित क्षेत्रमा बैंकको लगानी बढाउँदै जानुपर्छ,” अर्थमन्त्री पौडेलले भने।

उनले कृषि विकास बैंकलाई थप व्यावसायिक र प्रतिस्पर्धी भएर काम गर्नसमेत निर्देशन दिए। “बैंकको सञ्चालक समिति, व्यवस्थापन र कर्मचारीको सामूहिक प्रयासबाट बैंक प्रतिस्पर्धी बन्दै गएको छ। तर हामी यसैमा रमाएर बस्ने होइन। अझै राम्रो, अब्बल र प्रतिस्पर्धी बैंकका रूपमा अगाडि बढ्नुपर्छ,” अर्थमन्त्री पौडेलले भने, “व्यवस्थापन र कर्मचारीबीच राम्रो सम्बन्ध नहुँदा कतिपय संस्थाहरूले अपेक्षित प्रगति गर्न नसकेको तीतो अनुभव हामीसँग छ। यस कारण बैंकको व्यवस्थापन र कर्मचारीबीचको सम्बन्ध जीवन्त हुनुपर्छ।” कृषि विकास बैंक जुन उद्देश्यले स्थापना भएको हो, त्यो प्राप्त गर्ने कुरालाई सर्वोच्च प्राथमिकता दिनुपर्ने उनले बताए।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले मुलुकको आर्थिक तथा वित्तीय क्षेत्रका सूचकहरू सुधार हुँदै गएको र अर्थतन्त्र लयमा फर्किन थालेको बताए। यद्यपि बैंकहरूले कर्जा असुलीमा केही समस्या भोगिरहेको उनले स्वीकार गरे।

“मुलुकको वर्तमान आर्थिक तथा वित्तीय सूचकहरू हेर्दा समग्रमा अर्थतन्त्र सुधारोन्मुख छ। बाह्य क्षेत्रमा सन्तुलन छ। बाढीपहिरोका कारण मुद्रास्फीति व्यवस्थापनमा केही चाप देखिए पनि समग्रमा वाञ्छित सीमाभित्रै छ। बैंकमा तरलता पर्याप्त छ। ब्याजदर घटेको छ,” गभर्नर अधिकारीले भने, “गत वर्षको तुलनामा सरकारी राजस्व बढेको छ। आयात-निर्यात बढ्न थालेको छ। पछिल्लो समय पूँजी निर्माणसँग सम्बन्धित सामानहरूको आयात बढेको छ। यस कारण हामी निरुत्साहित हुनुहुँदैन। हाम्रा सकारात्मक पक्ष धेरै छन्।”

बैंक तथा वित्तीय संस्थाको कर्जा असुलीमा भने केही समस्या देखिएका कारण यसले खराब कर्जा बढाएको उनको भनाइ थियो। “अर्थतन्त्र लामो समय शिथिल भएका कारण र पछिल्लो समय केही अराजक गतिविधि गर्ने तथा ऋण नतिर्ने भनेर अभियान चलाउने व्यक्ति र समूहका कारण कर्जा असुलीमा समस्या भएको छ। यसले दीर्घकालमा कति असर पार्छ भने कुरामा हामी सजग छौं,” गभर्नर अधिकारीले भने।

कृषि विकास बैंकको व्यवस्थापन र कार्यक्षमता अब्बल रहेकोसमेत गभर्नर अधिकारीले बताए। नेपालमा कृषि क्षेत्रमा लगानी गर्ने नेतृत्व कृषि विकास बैंकले गरिरहेको उनको भनाइ थियो। बैंकिङ प्रणालीबाट कृषि क्षेत्रमा भएको लगानीमा यो बैंकको मुख्य योगदान रहेको गभर्नर अधिकारीले बताए। वित्तीय समावेशिता प्रवर्द्धन, ग्रीन फाइनान्स, प्रविधि प्रयोगलगायतका विषयमा बैंकले राम्रो गरिरहेको उनले बताए।

बैंकको सञ्चालक समिति अध्यक्ष रामशरण पुडासैनीले दिगो बैंकिङ र वित्तीय स्थायित्वका लागि प्रचलित कानून र नियामक निकायको निर्देशनको सही पालना, जोखिम व्यवस्थापन, प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली र कर्जाको गुणस्तर कायम गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको उल्लेख गरे। आधुनिक बैंकिङ सुविधा, संस्थागत सुशासन, सुरक्षित तरीकाले सूचना प्रविधिको उच्चतम प्रयोग, लगानीमैत्री नीतिलगायतका माध्यमबाट व्यवसाय विस्तार र गुणस्तरीय सेवाप्रवाहमा विशेष ध्यान पुऱ्याएको उनको भनाइ छ।

नेपालको ग्रामीण तथा कृषि क्षेत्रको विकासमा सहयोग गर्ने प्रमुख उद्देश्यका साथ विसं २०२४ माघ ७ गते रु पाँच करोड अधिकृत पूँजीसहित कृषि विकास बैंकको स्थापना भएको थियो। बैंकले कृषि र कृषिमा आधारित उद्योग व्यवसायको विकास एवं कृषिको आधुनिकीकरण, औद्योगिकीकरण, यान्त्रीकरण र व्यवसायीकरणका लागि सरल र सुलभ कर्जा प्रदान गर्दै आएको छ।

अहिले बैंक ५१ प्रतिशत सरकारको र ४९ प्रतिशत सर्वसाधारणाको स्वामित्वमा रहेको छ। बैंकले हालसम्म एक लाख ५१ हजार कर्जा ग्राहकमा करीब रु दुई खर्ब छ अर्ब कर्जा लगानीमा गरेको छ। त्यसैगरी, करीब २० लाख ३४ हजार निक्षेपकर्ताको रु दुई खर्ब ५९ अर्ब निक्षेप परिचालन गरिरहेको छ।

बैंकको अधिकृत पूँजी रु २५ अर्ब, जारी पूँजी रु १९ अर्ब २८ करोड ६४ लाख ५१ हजार तीन सय छ। संस्थापक शेयरधनी नेपाल सरकारको ५१ प्रतिशतले हुन आउने रु सात अर्ब छ करोड ६१ लाख ६४ हजार ३९३ र सर्वसाधारण समूह शेयरधनीको ४९ प्रतिशतले रु छ अर्ब ७८ करोड ९० लाख ५९ हजार ९०७ कायम हुनेछ।

यसैगरी, बैंकको पूँजीकोषको अवस्था सुदृढ र मजबूत देखिएको छ। गत वर्ष १३ दशमलव ७५ प्रतिशत रहेको पूँजीकोष अनुपात गत मङ्सिरसम्ममा १३ दशमलव १४ प्रतिशत छ। हाल बैंकको शेयरधनी सङ्ख्या करीब तीन लाख रहेको छ।

# नेप्से बढ्दा साढे छ अर्बभन्दा बढीको कारोबार

काठमाडौं, ७ माघ/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। सोमवार नेप्से परिसूचक छ दशमलव ७८ अङ्कले बढेर दुई हजार ६०७ दशमलव ९९ को बिन्दुमा कायम भएको हो।

आज ३११ कम्पनीका एक करोड ३६ लाख ७७ हजार ९८३ कित्ता शेयर ७४ हजार ४०३ पटक खरीद-बिक्री हुँदा रु छ अर्ब ५७ करोड चार लाख ७७ हजार ८८६ बराबरको कारोबार भएको छ।

आजको कारोबारमा बैंकिङ समूह शून्य दशमलव २०, विकास बैंक शून्य दशमलव ६०, वित्त शून्य दशमलव ५३, जलविद्युत् शून्य दशमलव ०२ र लघुवित्त समूह शून्य दशमलव ०४ प्रतिशतले घटेका छन्। अरू सबै समूहका उपसूचक बढेका छा्। होटल तथा पर्यटन शून्य दशमलव १२, लगानी शून्य दशमलव ६०, जीवन बीमा शून्य दशमलव ०४, उत्पादन तथा प्रशोधन एक दशमलव ६८, म्युचुअल फन्ड शून्य दशमलव ०९, निर्जीवन बीमा शून्य दशमलव २३, व्यापार एक दशमलव ०६ र अन्य समूह दुई दशमलव १३ प्रतिशतले बढेका छन्।

आज मानुषी लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सबैभन्दा धेरै नौ दशमलव ०५ प्रतिशतको वृद्धि देखिएको छ। विन नेपाल लघुवित्त वित्तीय संस्था लिमिटेड र सुपर मादी हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा भने नकारात्मक सर्किट लागेको छ।

कारोबार रकमका आधारमा आज सबैभन्दा धेरै रिभर फल्स पावर लिमिटेडको रु २४ करोड एक लाख ८८ हजार ४०४ बराबरको शेयर किनबेच भएका छन्।



**बर्दिबासमा कुहिरो**: बर्दिबास-जलेश्वर सडकको बर्दिबास-२ बुद्धचोकको सडक क्षेत्रमा सोमवार बिहान ८ बजे लागेको हुस्सु। हुस्सुसँगै चीसो बढेपछि यहाँका सडकमा सवारीसाधन कम चलेका छन्। तस्बिरः गोपालप्रसाद बराल/रासस



**जोडी चखेवा**: देवघाटस्थित त्रिशूली नदीमा आइतवार देखिएको एक जोडी चखेवा। दिउँसो सिमसार क्षेत्रमा बसेर लेउ खाने उनीहरू राति जङ्गलका रूखहरूमा बास बस्छन्। तस्बिरः सनद अधिकारी/रासस

# विपिन सकुशल घर फर्किने आशामा परिवार

कञ्चनपुर, ७ माघ/रासस

हमास-इजरायल युद्धविराम भएपछि हमास समूहको नियन्त्रणमा रहेका कञ्चनपुरका विपिन जोशीको परिवार विपिन सकुशल घर फर्किने आशामा व्यग्र प्रतीक्षामा छन्।

हमास-इजरायल युद्धविरामको खबरले १५ महीनादेखि हमास समूहको नियन्त्रणमा रहेका विपिनको परिवारमा विपिन फर्किने आशा पलाएको हो। युद्धविरामपछि पहिलो चरणमा विपिनको नाम समावेश नभए पनि दोस्रो चरणमा विपिनको रिहाइ हुने आशा उनको परिवारमा छ।

मलीन अनुहारमा विपिनका आमा पद्माले भनिन्, “युद्धविराम भएपछि विपिन पहिलो चरणमैं छुट्लान् भन्ने आशा थियो, तर भएन। मेरो निर्दोष छोरा १५ महीनादेखि बन्धक छ।” उनले यस अघि पनि युद्धविराम भएका बेला छोराको रिहाइको आशा गरिए पनि रिहाइ नभएको बताउँदै यसपटक रिहाइ हुनेमा आशावादी रहेको बताए।

“युद्धविराम हुन्छ फेरि युद्ध भइहाल्छ, अझै पनि हाम्रो मनमा त्यही डर छ, कतै फेरि युद्ध त हुने होइन,” आमा पद्माले भनिन्, “जसरी हुन्छ अहिलेको युद्धविराममा मेरो छोराको सकुशल रिहाइ होस् सरकारसँग यही अनुरोध छ।” सुदूरपश्चिम विश्वविद्यालयको कृषि सङ्कायमा अध्ययनरत ४९ विद्यार्थी ‘लर्न एन्ड अर्न’ कार्यक्रम अन्तर्गत इजरायल गएका थिए। त्यहाँ गएको एक महीना नहुँदै इजरायलको दक्षिणी क्षेत्रस्थित अलिमुम किबुजमा हमास समूहले आक्रमण गरेको थियो। आक्रमणमा १० विद्यार्थीको मृत्यु भएको थियो भने विपिन जोशीलाई हमास समूहले नियन्त्रणमा लिएको थियो। त्यति बेलादेखि विपिनको अवस्था अज्ञात छ।

इजरायल सरकारले हमासले युद्धविरामको पहिलो चरणमा रिहा हुने ३३ बन्धकको सूची सार्वजनिक गरेको छ। सार्वजनिक सूचीमा विपिनको नाम समावेश छैन।

विपिनका लागि सरकार गम्भीर भएर लागेको गृहमन्त्री रमेश लेखकले बताए। “सरकारसँग प्राप्त सूचना अनुसार विपिन हमासको नियन्त्रणमा सुरक्षित छन्, विपिनको रिहाइका लागि सरकार गम्भीर भएर लागेको छ,” गृहमन्त्री लेखकले भने, “अहिले हमास-इजरायल युद्धविराम भएको छ, हामी विपिनको सकुशल रिहाइ हुने आशामा छौं।” उनले विपिनको रिहाइका लागि सरकारले कूटनीतिक पहल गरिरहेको बताए।

# ‘अतिक्रमण भएका जग्गाको लालपुर्जा नबाँडियोस्’

काठमाडौं, ७ माघ/रासस

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु



संरक्षणमा देखिएका समस्या सम्बोधन गर्न समयानुकूल हुनेगरी कानून परिमार्जनको खाँचो औंल्याइएको छ।

राष्ट्रियसभा, सार्वजनिक नीति तथा प्रत्यायोजित समितिको सोमवारको बैठकमा राष्ट्रिय निकुञ्जका वरिष्ठ संरक्षण अधिकृतले तत्कालीन लाभ नहेरी दीर्घकालीन सोचका आधारमा राष्ट्रिय निकुञ्ज र वन्यजन्तुमैत्री कानून निर्माण गर्न सुझाव दिए। राष्ट्रिय निकुञ्ज र वन्यजन्तु संरक्षण व्यवस्थापनमा स्रोत अभाव रहेको जानकारी गराउँदै उनीहरूले जलवायु परिवर्तनको असरले निकुञ्ज क्षेत्रमा खानेपानी र पोखरीको अभावले पनि केही चुनौती खडा गरेको बताए।

वरिष्ठ संरक्षण अधिकृतहरूले जङ्गली जनावरबाट मध्यवर्ती क्षेत्रका जनतालाई आक्रमण हुँदा तत्काल उद्धार तथा उपचार कोष र केन्द्रको व्यवस्थाको प्रबन्ध गर्न सुझाव दिए। राज्यले राजस्व उठाउनेतर्फ मात्र नभई राष्ट्रिय निकुञ्जकबाट पर्यटन प्रवर्द्धन, होटल व्यवसाय र रोजगार सिर्जनामा पुऱ्याएको योगदानलाई समेत भुल्न नहुने जनाउँदै उनीहरूले मध्यवर्ती क्षेत्रको जनताले झेल्नुपरेको समस्या समाधान गर्न विशेषखाले योजना र बजेटको व्यवस्थाका लागि पहल गरिदिन अनुरोध गरे।

राष्ट्रिय निकुञ्ज आर्थिक समृद्धिका लागि पर्यटक भित्र्याउने मुख्य थलो भएकाले हिमाल, नदी, वन्यजन्तु, धार्मिकस्थल तथा जीव र वनस्पतिको संरक्षणमा राज्यले विशेष ध्यान पुऱ्याउनुपर्ने उनीहरूको भनाइ थियो। विभिन्न परियोजना र आयोजनाको नाममा प्रकृति सम्पदाको दोहन भइरहेकाले त्यसलाई रोक्नुपर्ने बताउँदै वरिष्ठ संरक्षण अधिकृतले निकुञ्जले अतिक्रमणमा परेको भनी किटानी गरेको स्थानमा बसोबासका लागि लालपुर्जा वितरण गर्ने कार्य नहोस् भनी सुझाव दिए।

पूर्वाधार निर्माण गरिंदा वातावरण र वन्यजन्तुमैत्री हुनुपर्ने आवश्यकता औंल्याउँदै उनीहरूले संरक्षणको कार्य स्थानीय, निजी र सरकारी संयन्त्रको साझेदारीमा हुँदा फलदायी हुने तर्क गरे। उनीहरूले वातावरणको समुचित सन्तुलन हुनेगरी कानून निर्माणमा ध्यान पुऱ्याउन सुझावसमेत दिए।

यस अघि सदस्यहरूले राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्रका जनताबीचको सहकार्य तथा मानव र वन्यजन्तुबीच भइरहेको द्वन्द्व घटाउन चाल्नुपर्ने कदमका बारे जानकारी माग गरेका थिए।

# गरीबी र असमानताको अन्त्य कहिले ?

विचार



ऋषभ गौतम

**नेपालको आर्थिक विकास र समृद्धि नहुनुको काँडेतार गरीबी नै हो । यसलाई उन्मूलन गर्ने कुरामा सर्वपक्षीय ध्यान र लगानी जरुरी देखिन्छ । निरपेक्ष गरीबीले तोकिएको आयभन्दा कम आयले जीवनका आधारभूत आवश्यकतासमेत पूरा गर्न कठिनाइको अवस्था इङ्गित गर्छ ।**

बढ्दो गरीबी र असमानता समकालीन विश्वको सर्वाधिक चिन्ताको विषय हो । तर एकातिर पछिल्लो दशक जसरी विश्वभर गरीबी र असमानता झाङ्गिदै गएको छ, उसैगरी धनीहरू भने झन् धनी भइरहेका छन् । खासगरी बितेका केही वर्ष विश्व समुदायलाई नै अति प्रभावित तुल्याएको कोभिड–१९ को महामारी र केही देशहरूबीच भएको युद्धका कारण विश्वमा गरीबी तथा असमानता थप बढाएको तथ्याङ्कहरूले नै देखाएको छ ।

सन् २०२३ जुलाई ११ मा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी) र अक्सफोर्ड विश्वविद्यालयले सार्वजनिक गरेको कुल १११ देशलाई समेटेर तयार पारेको प्रतिवेदन 'ग्लोबल मल्टिडाइमेन्सनल पोभर्टी इन्डेक्स २०२३ (एमपिआई)को अनुसार विश्वमा अझै एक अर्ब १० करोड मानिस गरीबीको रेखामुनि छन् । एमपिआईले नै सन् २०२२ मा सार्वजनिक गरेको प्रतिवेदनले विश्वमा एक अर्ब २० करोड मानिस गरीबीको अवस्थामा रहेको देखाएको थियो । प्रतिवेदन अनुसार गरीबी केही घटेको देखिए पनि सन् २०२३ मा विश्वको जनसङ्ख्या आठ अर्ब ५० लाख पुगिसकेको छ ।

एकातिर विश्वको जनसङ्ख्या पृथ्वीले नै धान्न नसक्ने गरी बढिरहेको छ भने अर्कोतिर न्यून उत्पादन, भोकमरी, गरीबी र असमानताको दारुण अवस्था घट्न सकेको छैन । यसले गर्दा सन् २०३० सम्म विश्वबाट गरीबी उन्मूलन गर्ने दिगो विकास लक्ष्यहरूका उद्देश्य पूरा नहुने स्पष्ट हुँदैछ । विश्वका नेताहरूले मानिस, पृथ्वी र समृद्धिका लागि तयार पारेको कार्ययोजनामा दिगो विकासका लागि गरीबीको अन्त्य अपरिहार्य भनिएको छ । दिगो विकास लक्ष्य अर्न्तगत गरीबीको अन्त्यसहित निर्धारण गरेका १७ वटा लक्ष्यमा साबिकको अवस्थाबाट सन् २०३० सम्म उपलब्धि हासिल नहुने एमपिआईकै सन् २०२३ को प्रतिवेदनले सङ्केत गरिसकेको छ ।

एमपिआईको प्रतिवेदन अनुसार दुई तिहाइ गरीब गरीबी घटाउन धुरन्धर लागिपरेका मध्यम आय भएका मुलुकहरूमा बसोबास गर्छन् भने ३५ प्रतिशत गरीब न्यून आय भएका मुलुकमा बस्छन् । विश्वका गरीबमध्ये ८४ प्रतिशत मानिस ग्रामीण भेगमा बस्ने गरेका छन् भने विश्वका गरीबहरूमध्ये ५३ करोड ४० लाख मानिस अफ्रिकामा बस्छन् । गरबिहरूमध्ये पनि ४८ करोड ५० लाख मानिस अति गरीबीको अवस्थामा गुज्रिएका छन् भने ५६ करोड ६० लाख गरीबहरू १८ वर्षमुनिका बालबालिका रहेका छन् ।

एमपिआईले स्वास्थ्य, शिक्षा र जीवनस्तरको क्षेत्रमा त्यसभित्रका विभिन्न उपसूचकहरूमा केन्द्रित रहेर गरेको अध्ययन प्रतिवेदन तयार गरेको हो । पछिल्लो समय विश्वव्यापी गरीबीको बहुआयामिक आयामहरू समेटेर तयार गरिएको यो नै यस्तो प्रतिवेदन हो । यसले समकालीन आधुनिक विश्वजगत्मा गरीबीको दारुण अवस्थाको चित्र उतारेको छ ।

यसरी पछिल्लो दशक विश्वभर नै आर्थिक असमानता घट्न नसकेकोतर्फ विश्वका धेरै अर्थशास्त्रीले चिन्ता र चासो व्यक्त गरिरहेका छन् । आर्थिक असमानता र गरीबी घटाउन महत्त्वपूर्ण कदम चाल्न सक्ने सङ्घसंस्थालाई विश्वका अर्थशास्त्रीहरूले सुझावसमेत दिइरहेका छन् । सन् २०१९ र २०२० मा दोस्रो विश्वयुद्धयताकै सबैभन्दा बढी असमानता बढेको र विश्वका सबैभन्दा धनी १० प्रतिशतले विश्वका आयको ५२ प्रतिशत हिस्सा ओगटेको तथ्याङ्क छ । विश्वका आधा जनसङ्ख्यामा कुल आयको ८.५ प्रतिशत हिस्सा मात्र रहेको अवस्था छ ।

एकातिर अहिले विश्वका अर्बौं मानिसले खाद्यान्नमा महँगी, अभाव र भोकमरी झेलिरहेका छन् भने अर्कोतर्फ यही अवधिमा विश्वमा अर्बपतिहरूको सङ्ख्या बढिरहेको देखिन्छ । विश्वका अर्बपतिहरूको सूची सार्वजनिक गर्दै आएको फोर्ब्सको नयाँ सूची अनुसार सन् २०२४ मा विश्वमा दुई हजार ७८१ जना डलरमा अर्बपति छन् । पछिल्लो सूची अघिल्लो सन् २०२३ को भन्दा १४२ जनाले बढी हो । सो सूची अनुसार विश्वमा सबैभन्दा बढी डरलमा अर्बपति अमेरिकाका छन् ।

अमेरिकामा सन् २०२४ सम्ममा ८१३ जना डलरमा अर्बपति पुगिसकेका छन् । अथाह पैसा कमाउने स्वतन्त्रता र वातावरण प्रदान गरेको विश्वकै पूँजीवादको खुला मैदान अमेरिकामा एलन मक्सको मात्रै आजको मितिमा ४२४ बिलियन डलर सम्पति छ । जबकि संसारको २९औं नम्बरको अतिकम विकसित तर करीब तीन करोड जनसङ्ख्या भएको देश नेपालको कुल गार्हस्थ्य उत्पादनको आकार जम्मा ४२ बिलियन डलरको रहेको छ । अर्थात् संसारका धनी एलन मक्स एक्लैको सम्पत्ति पूरै नेपालको कुल गार्हस्थ्य उत्पादनको आकारभन्दा १० गुणा बढी देखिन्छ । संसारमा धनी र गरीबबीचको असमानता कसरी बढिरहेको छ, त्यो नै उदाहरण काफी छ । पछिल्लो समय चीनमा पनि अमेरिकाकै रफ्तारमा डलर अर्बपति बढिरहेका छन् । चीनमा सन् २०२४ सम्ममा ४७३ जना अर्बपति छन् । भारतमा नै पछिल्लो समय दुई सयजना अर्बपति पुगिसकेका छन् ।

सन् २०२४ मा विश्वका मुठीभर अर्बपतिहरूको कुल सम्पत्ति १४२ खर्ब डलर (१४ दशमलव दुई ट्रिलियन) रहेको छ । पछिल्ला वर्ष एशिया महादेशमा झन् बढी अर्बपतिहरू थपिएका छन् । त्यसले युरोप, अमेरिकाभन्दा बढी असमानता एशियामा भित्रिरहेको देखाएको छ । फोर्ब्सको सूचीमा भारतीय नागरिकको सङ्ख्या दुई सय पुगिसकेको छ । त्यसैगरी, समाजवादको अभ्यास गरिरहेको चिनियाँ अर्बपति सङ्ख्या फोर्ब्सको अनुसार ४७३ जना पुगिसकेका छन् । नेपालजस्तो गरीब देशले समेत विनोद चौधरीलाई अर्बपतिको रूपमा लगातार उल्लेख गर्दै आएको छ । यसरी विश्वभर नै चरम पूँजीवाद मौलाएको छ । यसले गर्दा सक्नेले धन बृहत्रूपमा थुपारिरहेका छन् । धनीहरू धनकै आडमा झन् धनी भइरहेका छन् भने नसक्ने, गरीबहरू अभाव, रोग, भोक, असमानताको दारुण जिन्दगी बाँचिरहेका छन् । पछिल्लो चुनौती के पनि छ भने गरीबी र असमानता कुनै वर्ग, क्षेत्र अथवा देशमा सीमित नभएर सम्हाल्नै मुश्किल पर्नेगरी फैलिएको छ ।

एकातिर विश्वभर पूँजीवाद मडारिएको छ भने समाजवाद र सामाजिक न्याय यत्रतत्र कमजोर बनिरहेको छ । पृथ्वीमा उपलब्ध साधन स्रोत हरेक मानिसले समानरूपमा उपयोग गर्न पाउनु उसको मानव अधिकार हो । तर चरम पूँजीवादले उपलब्ध साधन र स्रोतहरू सीमित व्यक्तिमा निहित गरिरहेको छ । यसले चरम असमानता र गरीबी निम्त्याइरहेको छ । पूँजीवाद विकासको अस्त्र भएपनि त्यसलाई छाडारूपमा विकसित हुन नदिई सन्तुलन गर्दै समाजवादतर्फको यात्रा तय गर्नु आजको आवश्यकता हो ।

**नेपालमा गरीबीको अवस्था**

आर्थिक वर्ष २०७९/८० मा आइपुग्दा कोरानो महामारी, भूकम्पलगायतका प्राकृतिक विपत्तिलगायतका कारण निरपेक्ष गरीबीमा रहेको जनसङ्ख्या २०.२७ प्रतिशतमा (५८ लाख ६३ हजार गरीब) उक्लिएको राष्ट्रिय तथ्याङ्क कार्यालयको 'नेपाल जीवनस्तर सर्वेक्षण चौथो (२०७९/८०)'मा उल्लेख छ । नेपालमा बहुआयामिक हिसाबको गरीबीमा जनसङ्ख्याको २८.६ मानिस बाँचिरहेका छन् ।

नेपालको आर्थिक विकास र समृद्धि नहुनुको काँडेतार गरीबी नै हो । यसलाई उन्मूलन गर्ने कुरामा सर्वपक्षीय ध्यान र लगानी जरुरी देखिन्छ । निरपेक्ष गरीबीले तोकिएको आयभन्दा कम आयले जीवनका आधारभूत आवश्यकतासमेत पूरा गर्न कठिनाइको अवस्था इङ्गित गर्छ । त्यसलाई उन्मूलन गरेर आम मानिसको ध्यान विकास र समृद्धिमा केन्द्रित गर्नुपर्ने आवश्यकता छ ।

नेपालमा गरीबी निवारण गर्ने उद्देश्यले नै सरकारीतवरबाटै विभिन्न कार्यक्रम सञ्चालित छन् । तर ती कार्यक्रम प्रभावकारी हुन नसकेकाले लक्षितरूपमा गरीबी घट्न नसकेको तथ्याङ्कले पुष्टि गरिरहेको छ । बरु पछिल्लो दशक जे जति गरीबी घटिरहेको छ, त्यसमा नेपालीहरूको वैदेशिक रोजगारका कारण भित्रिएको विप्रेषणले निकै ठूलो योगदान दिएको छ । सरकारले गरीबी घटाउन लक्षित गरीबी निवारण कोष नै भ्रष्टाचारको थलो भएपछि २०७८/७९ को बजेट वक्तव्यमार्फत खारेजी गरेको थियो । गरीबी घटाउन स्थापित संस्था नै भ्रष्टाचारले खारेजी भएपछि गरीबी घटाउने प्रयास कसरी सफल होला ?

गरीबी निवारण गर्न युवा स्वरोजगार कार्यक्रम, गरीबसँग विश्वश्वर कार्यक्रम, ग्रामीण स्वावलम्बन कार्यक्रम, लघुउद्यम विकास कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमजस्ता अरू विविध कार्यक्रम सरकारीतवरमैं सञ्चालित छन् तर ती कार्यक्रमहरू प्रभावकारी हुन सकेका छैनन् । खासगरी त्यस्ता कार्यक्रममा सिर्जनात्मकताको अभाव, भ्रष्टाचार र अनियमितताको व्यापकता, कमजोरीहरूको निरन्तरताले प्रभावकारी हुन सकेका छैनन् । सरकारीतवरबाट सञ्चालित गरीब लक्षित कार्यक्रम प्रभावकारी हुन नसक्दा अहिले पनि नेपालमा भोकमरी र असमानताको अवस्था व्यापक छ । 'कन्सर्न वर्ल्डवाइड र वेल्ट हङ्गर हाइलाइफ'ले तयार पारेको विश्व भोकमरी सूचकाङ्क प्रतिवेदन २०२२ अनुसार १२१ मुलुकमा नेपाल ८१औं स्थानमा रहेको छ ।

प्रतिवेदनले नेपाललाई भोकमरीमा मध्यमस्तरको जोखिममा रहेको देखाएको छ । प्रतिवेदन अनुसार भोकमरीको जोखिम सबैभन्दा कम रहेकोमा बेलारूस एक नम्बरमा छ भने सबैभन्दा बढी भोकमरीको अवस्थामा यमन १२१औं नम्बरमा रहेको छ । प्रतिवेदन अनुसार नेपालमा सबैभन्दा बढी भोकमरीको जाखिम कर्णाली प्रदेशमा रहेको छ । नेपालमा ४० लाखभन्दा बढी मानिस भोकमरीको चपेटामा रहेको हुन सक्ने अनौपचारिक अध्ययनहरूले देखाएका छन् । यो अवस्थाको अन्त्य नभएसम्म गरीबी निवारणको लक्ष्य पूरा हुन सक्दैन । (गौतम आर्थिक विश्लेषक हुन् । रासस)





**हिमशृङ्खला**: मुस्ताङको थासाङ गाउँपालिका–३ लेतेबजारबाट देखिएको अन्नपूर्ण हिमशृङ्खला अन्तर्गत नीलगिरि र अन्नपूर्ण हिमाललगायतको दृश्य । यस वर्ष समयमैं हिमपात नहुँदा हिमालमा पर्याप्त हिउँ देखिएको छैन । तस्बिरः सुशीलबाबू थकाली/रासस

## फरक समाचार

# एआई प्रविधि आधारित सुटकेस

प्रविधि हाम्रो जीवनमा उपयोगी हुन्छ । प्रविधिको मदतबाट कसैले पनि घरमैं बसेर आफ्नो काम गर्न सकिरहेको छ । आजभोलि प्रविधिले मानिसको जीवनलाई निकै सहज बनाइसकेको छ । स्मार्टफोन, वाटर हिटर, ल्यापटपलगायत वस्तु हामीले दिनदिनै प्रयोग गर्छौं ।



हालै बजारमा आर्टिफिशियल इन्टेलिजेन्स प्रविधि आधारित सुटकेश उपलब्ध भएको छ । अब गऱ्हुँगो सुटकेस बोक्न वा डोऱ्याउनुपर्दैन । जब हामी यात्रा गर्छौं, तब हामीसँग भारी सुटकेस हुन्छ । यसलाई एक ठाउँबाट अर्को ठाउँमा लैजान निकै गाऱ्हो हुन्छ । तसर्थ यस्तै समस्या हल गर्न बजारमा एआई सुटकेस आएको छ । यो सुटकेस तपाईंसँगै हिंड्छ । यसलाई बोक्न वा डोऱ्याउनुपर्दैन ।

सेल्फ ड्राइभिङ रोबोटिक्स निर्माता फरवार्डएक्सद्वारा निर्मित र कृत्रिमरूपले सञ्चालित यो सुटकेस सेन्सरले लेस छ । सेन्सरको मदतबाट यो सुटकेस नउठाईकन सात मिल प्रतिघण्टाको गतिले तपाईंको पछि लाग्छ । यसमा रूट प्रोटेक्शन प्रविधि छ, जसले सडक पहिचान गर्न मदत गर्छ ।

सुटकेसमा जिपिआर ट्रैकर पनि लगाइएको छ । सुटकेस हराउँदा जिपिएस ट्रैकरको मदतबाट यसको पत्ता लगाउन सकिन्छ । यसको अलावा यसमा टिएसए–अनुमोदित स्मार्ट लक सिस्टम पनि छ, जुन सुरक्षा जाँचको लागि स्वतः खुल्छ । सुटकेसबाटै मोबाइल पनि चार्ज गर्न सकिन्छ किनभने सुटकेसभित्र एउटा ब्याट्री पनि हुन्छ जसबाट मोबाइल चार्ज गर्न सकिन्छ ।

# मस्तिष्क क्षतिग्रस्त गर्न सक्छ गिजरले

तातो पानीको लागि गिजरको प्रयोग गर्छौं । तर गिजरमा केही खतरा पनि हुन्छ, जसबारे समयसमयमा हामीले समाचारमा पढ्ने गर्छौं । बजारमा थुप्रै प्रकारका गिजर उपलब्ध छन्, जसमा इन्फ्रारेड, ग्याँस, फ्यानजस्ता हिटर सामेल छन् । गिजरको प्रयोग बन्द कोठाभित्र कहिल्यै गर्नुहुँदैन । गिजर प्रयोग गर्दा निकै सावधानी अपनाउनुपर्छ ।



हालै भारतमा एउटा घटना घटेको थियो । गिजरमा नुहाइरहेकी एकजना व्यक्तिकी पत्नी बाथरूममैं बेहोश भइन्, यस्तो हुनुको कारण अक्सिजनको कमी थियो । समयमैं उनले उपचार पाइन् र ज्यान जोगियो । घरमा ग्याँस गिजर लगाइएको छ भने सावधानी अपनाउनुपर्छ । ग्याँस गिजर कसरी काम गर्छ, त्यो बुझ्नुपर्छ । ग्याँस गिजरमा पानी तातो गर्नको लागि एलपिजी ग्याँस प्रयोग हुन्छ । यस प्रकार यसले दुई तरीकाले काम गर्छ । पहिलो यसमा पानी चाँडै तातो हुन्छ र दोस्रो तातो पानी लगातार आउन थाल्छ । गिजरमा तीनवटा पाइप, पानी र ग्याँसको लागि अलग्गैबाट दुई इनलेट पाइप र तातो पानीको लागि एउटा आउलेट पाइप हुन्छ । जब गिजर चालू हुन्छ, ग्याँस पाइपलाइनको माध्यमबाट बग्न थाल्छ । इग्नाइटर चालू हुन्छ र ग्याँसको लपेटो देखिन्छ, जसबाट पानी तातो हुन्छ । तर गिजरले वातावरणबाट अक्सिजन प्रयोग गरेर पानी तातो गर्न ग्याँस जलाउने काम गर्छ । यसै कारण गिजरको प्रयोग हावादार स्थानमा इन्स्टल गर्न सल्लाह दिइन्छ । बन्द स्थानमा गिजरको प्रयोग गरेमा त्यहाँ यसले अक्सिजन प्रयोग गर्छ, जसबाट अक्सिजन कम हुन्छ र कार्बन मोनोअक्साइड निस्किन्छ । कार्बन डाइअक्साइड विषाक्त हुन्छ र मस्तिष्क क्षतिग्रस्त हुन्छ । यदि तपाईंसँग पनि ग्याँस गिजर छ भने त्यसलाई इलेक्ट्रिकमा परिणत गर्नुस् अथवा कुनै हावादार स्थानमा राख्नुहोस् ।

# बेसार र मरीचको पानी

भान्साको मसलाले खानाको स्वाद मात्र होइन स्वास्थ्यमा पनि फाइदा पुऱ्याउँछ । जस्तै बेसार, मरीच, ज्वानो, तेजपत्ता आदि । बेसार र मरीच स्वास्थ्यको लागि वरदान भएको आयुर्वेदले जनाएको छ । यी दुवै वस्तुमा एन्टिइन्फ्लेमेटरी र एन्टिब्याक्टेरियल गुण हुन्छन्, जसले थुप्रै प्रकारका रोग भगाउँछ ।



बेसार र मरीचको पानी पिउँदा सुन्निएको कम हुन्छ । यी वस्तुमा हुने एन्टिइन्फ्लेमेटरी गुणले सुन्निएको कम गर्छ । साथै यसले वजन पनि कम गर्छ । बेसार र मरिचको पानी फ्याट बर्नरसरह काम गर्छ । नियमित सेवन गर्दा शरीरमा रहेको अतिरिक्त बोसो कम हुन्छ ।

जोर्नी दुखाइमा पनि बेसार र मरीचको पानीले निकै फाइदा पुग्छ । मधुमेहका रोगीले यो पानी सेवन गर्दा शरीरमा इन्सुलिनको स्तर नियन्त्रित रहन्छ र ब्लड सुगर पनि कन्ट्रोल हुन्छ ।

जसलाई अर्थराइटिसको समस्या छ, उनीहरूले पनि बेसार र मरीचको पानी सेवन गर्दा निकै लाभ पुग्छ । भनिन्छ, बेसार र मरीचको धूलो मिसाइएको पानी सेवनबाट क्यान्सरको खतरा पनि कम हुन्छ । यसमा करक्युमिन नामक पोषक तत्त्व हुन्छ, जसले क्यान्सरको कोशिकालाई नष्ट गर्न मदत गर्छ । स्तन क्यान्सर, ग्यास्ट्रिक, पेटको क्यान्सर र ल्युकेमियाको क्यान्सर कम गर्न बेसार र मरीचको पानी नियमित सेवन गर्नुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

## अन्तर्राष्ट्रिय समाचार

# उद्घाटन दिवस, ट्रम्पशैली : के हुनेछ ?

वाशिङ्टन, ७ माघ/एएफपी

चाहे नवनिर्वाचित होस् वा कार्यालयमा फर्किरहेको होस्, आगामी नेताको व्यक्तिगत विशेषताले आकार दिएको भव्यताबीच लामो समयदेखि स्थापित समारोहमा हरेक चार वर्षमा अमेरिकाको राष्ट्रपतिले उद्घाटन दिवसमा शपथ लिन्छन् ।

सोमवार ट्रम्प ४७औं राष्ट्रपतिका रूपमा शपथ लिंदा हुने भव्यता र समारोहको एक झलक प्रस्तुत गरिएको छ ।

**शपथ**

अमेरिकी संविधानले प्रत्येक नयाँ राष्ट्रपतिको कार्यकाल जनवरी २० को मध्याह्न (वा यदि यो आइतवार परेमा भोलिपल्ट) शुरू हुने र राष्ट्रपतिले पद तथा गोपनीयताको शपथ लिनुपर्ने अनिवार्य गरेको छ ।

हालका वर्षहरूमा राष्ट्रपतिहरूले क्यापिटलको मनोरम पश्चिमी लनमा एक विशाल अस्थायी मञ्चबाट शपथ लिने गरेका छन् । यस वर्ष चीसो मौसमको पूर्वानुमानका कारण यो क्यापिटल रोटुन्डाभित्र हुनेछ ।

प्रायः सर्वोच्च अदालतका प्रधानन्यायाधीशद्वारा शपथ दिलाइन्छ र सोमवार ट्रम्पका लागि जोन रोबर्ट्सको दोस्रोपटक अध्यक्षता हुनेछ ।

नयाँ राष्ट्रपतिले आगामी चार वर्षका लागि आफ्ना योजनाहरू प्रस्तुत गर्दै उद्घाटन सम्बोधन पनि गर्नेछन् । रिपब्लिकन राष्ट्रपति ट्रम्पले सन् २०१७ मा आफ्नो पहिलो कार्यकालमा 'अमेरिकी विनाश'को विशेषरूपमा अन्धकारमय भाषणसँगै शुरू गरेका थिए । आगामी उपराष्ट्रपति जेडी भान्सले पनि शपथ लिनेछन् ।

**पाहुनाहरू**

विशेषगरी ट्रम्पियन मोडमा ट्रम्पले आफ्ना क्याबिनेट मनोनीतहरू जस्ता परम्परागत पाहुनाहरूसँगै उद्घाटनमा भाग लिन धेरै प्रविधि दिग्गजलाई निमन्त्रण गरेका छन् ।

अमेरिकी मीडियाका अनुसार अर्बपति एलन मस्क, जेफ बेजोस र मार्क जुकरबर्गका साथै चिनियाँ सामाजिक मीडिया दिग्गज टिकटकका प्रमुख शौ च्यु उपस्थित हुनेछन् ।

ट्रम्पले प्रविधि उद्यमीहरूसँग नजीकको सम्बन्ध बनाएका छन् र उनको अभियानले टिकटक, मस्कको एक्स र जुकरबर्गको फेसबूक र इन्स्टाग्राम जस्ता सामाजिक मीडिया प्लेटफर्महरूमा फैलिएको गलत सूचनाबाट फाइदा लिएको छ ।

सन् २०२० मा आफूले ट्रम्पलाई हराउँदा ट्रम्पले आफ्नो शपथ ग्रहण समारोहमा उपस्थित हुन अस्वीकार गरेपनि निवर्तमान राष्ट्रपति जो बाइडेन समारोहमा उपस्थित हुनेछन् ।

सबै जीवित पूर्वराष्ट्रपतिहरू बिल क्लिन्टन, जर्ज डब्लु बुश र बाराक ओबामाका साथै मिशेल ओबामाबाहेक उनीहरूका पत्नीहरू उपस्थित हुनेछन् ।

यसको अर्थ सन् २०१६ को राष्ट्रपति चुनावमा ट्रम्पसँग पराजित हिलारी क्लिन्टनका साथै गत नोभेम्बरमा पराजित उपराष्ट्रपति कमला ह्यारिस पनि त्यहाँ हुनेछन् ।

परम्परागतरूपमा राष्ट्रप्रमुखहरूलाई निमन्त्रण गरिंदैन तर ट्रम्पले केही विदेशी नेताहरूलाई निमन्त्रण पठाएका छन् । यसमा उनको दक्षिणपन्थी राजनीति साझा गर्ने केही नेता समावेश छन् ।

इटालीका दक्षिणपन्थी प्रधानमन्त्री जोर्जिया मेलोनी उपस्थित हुने कुरा उनको कार्यालयले शनिवार पुष्टि गरेको छ । हङ्गेरीका भिक्टर ओरबान, अर्जेन्टिनी राष्ट्रपति जाभियर मिलेई र चीनका सी जिनपिङलाई पनि निमन्त्रण गरिएको छ, तर सबै उपस्थित हुनेछैनन् ।

सीले आफ्नो स्थानमा उपराष्ट्रपति हान झेङलाई पठाएका छन् । हानले आइतवार जेडी भान्ससँग भेट गरे ।

**भित्र सार्ने निर्णय**

भीडको आकार ट्रम्पको प्राथमिकता हो, तर भित्री कार्यक्रममा अन्तिम क्षणको परिवर्तनले उनको घमण्डलाई धक्का पुऱ्याउन सक्छ ।

ट्रम्पले शुक्रवार चीसो तापक्रमका कारण उद्घाटन क्यापिटल रोटुन्डामा सार्ने घोषणा गर्नु अघि दुई लाख २० हजारभन्दा बढी टिकट सार्वजनिकरूपमा वितरण गरिंदै थियो । क्यापिटल रोटुन्डामा करीब छ सयजना मात्र बस्न सक्छन् ।

ट्रम्पले समर्थकहरूले वाशिङ्टनको क्यापिटल वन खेलकूद क्षेत्रबाट प्रत्यक्ष फिड हेर्न सक्ने बताए । त्यहाँ २० हजारसम्मको क्षमता छ । ट्रम्पले पछि आउने वाचा गरे ।

**आदेशहरू**

ट्रम्पले आफ्नो कार्यकालको पहिलो दिन करीब १०० वटा कार्यकारी आदेशमा हस्ताक्षर गर्ने तयारी गरिरहेको बताएका छन् । तीमध्ये बाइडेन प्रशासनका धेरै नीतिहरू उल्टयाउने लक्ष्य राखिएको छ ।

"पदभार ग्रहण गरेको केही घण्टाभित्रै मैले दर्जनौं कार्यकारी आदेशमा हस्ताक्षर गर्नेछु, लगभग १०० वटा । तीमध्ये केही म भोलिको मेरो सम्बोधनमा वर्णन गर्नेछु," ट्रम्पले आइतवार उद्घाटनपूर्व क्यान्डल लाइट डिनरमा समर्थकहरूलाई भने ।

आफ्ना धेरै प्रतिज्ञामध्ये उनले सामूहिक निर्वासन कार्यक्रम शुरू गर्ने र तेल उत्खनन बढाउने वाचा गरेका छन् ।

उनले सन् २०२१ जनवरी ६ मा क्यापिटलमा तोडफोड गर्ने आफ्ना दङ्गाकारीहरूलाई छिट्टै माफी दिन सक्ने पनि बताएका छन् ।

उद्घाटन लगत्तै अमेरिकी अधिकारीहरूसँग जापान, भारत र अस्ट्रेलियाका विदेशमन्त्रीहरूबीच बैठक हुने योजना छ । यसलाई 'क्वाड' भनिन्छ र चीनको प्रतिवजनका रूपमा हेरिन्छ ।

**सङ्गीत**

ट्रम्पको सन् २०१७ को पहिलो उद्घाटनमा उनीसँग जोडिन चाहने थोरै ए-लिस्ट सङ्गीतकारसँग सेलिब्रिटी शक्तिको कमी देखिएको थियो ।

ट्रम्पको उद्घाटन २.० अझ राम्रो अवस्थामा छ । शपथ ग्रहण समारोहमा कन्ट्री स्टार केरी अन्डरवुडले 'अमेरिका दी ब्युटिफुल' गाउनेछन् ।

कन्ट्री गायक ली ग्रीनवुडले पनि प्रस्तुति दिनेछन् । उनको देशभक्तिपूर्ण गीत 'गड ब्लेस दी युएसए' ट्रम्प ऱ्यालीहरूमा मानक छ ।

आइतवारको उद्घाटनपूर्व ऱ्यालीमा किड रक र भिलेज पिपलको प्रदर्शन समावेश थियो । उनीहरूले सन् १९७० को दशकको हिट 'वाइएमसिए' प्रस्तुत गर्दा उनीहरूसँग ट्रम्प स्टेजमा नाचे ।

**दी गलास**

जेसन एल्डियन, रास्कल फ्लाट्स र गेभिन डेग्रा प्लस दी भिलेज पिपललगायत देशका सङ्गीतकारहरूले सोमवार राति ट्रम्पका तीन आधिकारिक उद्घाटन नृत्य समारोहमा प्रस्तुति दिनेछन् ।

ट्रम्प निमन्त्रणा भएका तीनै समारोहमा उपस्थित हुने अपेक्षा गरिएको छ । अन्य धेरै अनौपचारिक समारोह पनि योजना गरिएका छन् । रासस

# अमेरिकामा टिकटक सेवा पुनः शुरू

बेइजिङ, ७ माघ/एएफपी

टिकटकले अमेरिकामा सेवा बन्द गरेको केही घण्टापछि आइतवार संयुक्त राज्य अमेरिकामा सेवा पुनः शुरू गरेको छ । टिकटकले सेवा सञ्चालनका लागि वातावरण बनाएको भन्दै सोमवार पुनः सत्ता सम्हाल्ने नवनिर्वाचित राष्ट्रपति डोनाल्ड ट्रम्पलाई यसको श्रेय दिएको छ ।

राष्ट्रपति जो बाइडनको निवर्तमान प्रशासनले यस अघि नै कुनै पनि प्रतिबन्ध नलगाउने बताएको थियो ।

टिकटकको चिनियाँ मालिक बाइटडान्सले आफ्नो अमेरिकी सहायक कम्पनी गैरचिनियाँ क्रेताहरूलाई बेच्नका लागि समयसीमा नजीकिंदै गर्दा संयुक्त राज्य अमेरिकामा टिकटक शनिवार अबेर बन्द भएको थियो ।

राष्ट्रिय सुरक्षाको कारण देखाउँदै सामाजिक सञ्जाल टिकटकमाथि प्रतिबन्ध लगाउने कानून लागू भएपछि चीनले सोमवार संयुक्त राज्य अमेरिकालाई सामाजिक सञ्जाल प्लेटफर्म टिकटकको विषयमा 'तर्कसङ्गत आवाज' सुन्न आग्रह गरेको थियो ।

"अमेरिकी पक्षले तर्कसङ्गत आवाजहरूलाई गम्भीरतापूर्वक सुन्नेछ र संयुक्त राज्य अमेरिकामा सञ्चालित सबै देशका बजार संस्थाहरूका लागि खुला, निष्पक्ष, न्यायपूर्ण र भेदभावरहित व्यावसायिक वातावरण प्रदान गर्नेछ भन्ने कुरा हामी आशा गर्छौं," विदेश मन्त्रालयका प्रवक्ता माओ निङले भनिन् । रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | उदरपीडा | वृष | विजय |
| मिथुन | धनलाभ | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | प्रगति |
| धनु | वादविवाद | मकर | यात्रालाभ |
| कुम्भ | कडापरिश्रम | मीन | ज्ञानोदय |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



**नेपालकै लामो झोलुङ्गेपुल तर्दै पर्यटक**: बागलुङ नगरपालिका-१ बाङ्गेचौरदेखि पर्वतको कुश्मा नगरपालिका-१ पाङ जोड्न निर्माण गरिएको ५६७ मिटर लामो झोलुङ्गेपुल तर्दै आन्तरिक पर्यटक । विसं २०७७ सालदेखि सञ्चालनमा आएको यो पुल 'सिङ्गल स्पान'मा बनेका पुलमध्ये नेपालकै लामो भएको दाबी गरिएको छ । तस्बिरः डम्मर बुढामगर/रासस

# अवैध नदीजन्य पदार्थ उत्खनन तत्काल बन्द गराउन सर्वोच्च अदालतको परमादेश

काठमाडौं, ७ माघ/रासस

कानूनविपरीत खोला तथा नदीबाट उत्खनन भइरहेका रोडा, ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तत्काल बन्द गराउन सर्वोच्च अदालतले सरकारका नाममा पाँच बुँदे परमादेश जारी गरेको छ ।

न्यायाधीशद्वय डा मनोजकुमार शर्मा र टेकप्रसाद ढुङ्गानाको संयुक्त इजलासले देशभर भइरहेको अवैध उत्खननमा संलग्नलाई कारबाहीको दायरामा ल्याइ तत्काल उत्खनन बन्द गर्न/गराउन परमादेश जारी गरेको हो ।

उक्त परमादेशमा नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन तथा नियन्त्रण) ऐन तत्काल बनाइ लागू गर्न आदेश दिइएको छ ।

परमादेशमा भनिएको छ, "छवटै प्रदेशले तयार पारी लागू गरेको नदीजन्य पदार्थ (सङ्कलन र उपयोग) सम्बन्धमा व्यवस्था गर्न बनेको कार्यविधि, २०७५, नेपाल सरकारले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७ समेत कार्यविधि र मापदण्ड प्राकृतिक स्रोत संरक्षण गर्नका लागि नदीको संरक्षण गर्न एक छुट्टै नदीजन्य पदार्थ तथा प्राकृतिक स्रोत (उत्खनन तथा नियन्त्रण) ऐन तत्काल बनाइ लागू गर्नू ।"

देशभरका खोला तथा नदीमा भएको अवैध उत्खनन रोक्न माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दर्ता भएका थिए । सोही रिट निवेदनमाथिको सुनवाइपछि सर्वोच्च अदातले उक्त परमादेश जारी गरेको हो ।

अदालतले ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ को दफा १७ मा नदीजन्य पदार्थको उत्खनन गरिने स्थानको लम्बाइ चौडाइ तथा गहिराइसहितको चार किल्ला उत्खनन गर्ने अवधि र समय, प्रयोग गरिने साधनसमेत जानकारीसहित उत्खनन स्थलमा सूचनापाटी अनिवार्यरूपमा मिलाउनुपर्नेछ भन्ने व्यवस्था भए तापनि हालसम्म स्थलगत अध्ययनवाट सूचनापाटी राखेको नदेखिएकाले कार्यस्थलमा सूचनापाटी अनिवार्य राख्नु र सोको अनुगमनसमेत गर्नु भनी विपक्षीको नाममा परमादेश जारी गरेको छ ।

# नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितका पक्षमा छ -प्रधानमन्त्री

काठमाडौं, ७ माघ/रासस

प्रधानमन्त्री केपी शर्मा ओलीले नेपाल न्यायोचित र अन्तर्राष्ट्रिय हितसहितको राष्ट्रिय हितका पक्षमा रहेको स्पष्ट गरेका छन् ।



नेकपा (एमाले) को परराष्ट्र मामिला विभागद्वारा सोमवार आयोजित 'नेपालको परराष्ट्र नीतिबारे सांसद संवाद' कार्यक्रमलाई आज सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले साना र ठूला राष्ट्रको हित समान हित हो भन्ने मान्यताका साथ नेपालको सार्वभौमिकता, स्वाभिमान र भौगोलिक अखण्डताका पक्षमा नेपाल सदैव कटिबद्ध रहने स्पष्ट पारे ।

"हामी हाम्रो राष्ट्रिय हितका कुरा गरिरहँदा विश्व शान्ति र मानवीय हितलाई पनि सँगै राखेर हेर्ने गर्छौं । संयुक्त राष्ट्रसङ्घको बडापत्र, पञ्चशील र असंलग्नताका सिद्धान्तबाट हामी निर्देशित छौं । हामी पारस्परिक लाभ र सहअस्तित्वमा विश्वास गर्छौं," प्रधानमन्त्री ओलीले भने, "हाम्रा कोही शत्रु छैनन्, सबै हाम्रा मित्र हुन् भन्ने भावका साथ हामीले वैदेशिक सम्बन्ध कायम गर्छौं । भूराजनीतिलाई देखाएर आफ्नो कायरतालाई लुकाउने काम हामी गर्दैनौं । राष्ट्रिय हितको रक्षा गर्न भूराजनीतिक परिस्थितिलाई हामी सन्तुलितरूपमा सामना गर्न सक्छौं । छिमेकी देशसँग उत्ताउलो नभईकन खुलस्त र मित्रतापूर्णरूपमा आफ्ना जायज कुरा राख्नुपर्छ । जिब्रो लट्पटयाएर नबुझिने गरी कूटनीतिक संवाद गर्नुपर्छ भन्ने छैन । बुझिने गरी संवाद गर्नुपर्छ । त्यसरी कुरा गर्दा अर्को पक्षले पनि आफ्नो धारणा बनाउन सहजता महसूस गर्न सक्छ ।"

उनले राष्ट्रिय स्वार्थलाई तिलाञ्जलि दिएर सत्ता स्वार्थका लागि घुँडा टेक्नु राष्ट्रिय हित नभएको र सानो देश हौं भन्ने हीनताभाव पाल्नुपर्ने आवश्यकता नरहेको धारणा पनि व्यक्त गरे । राष्ट्रिय हितभन्दा सत्ता स्वार्थ र ससाना कुराहरूलाई महत्त्व दिने प्रवृत्ति गलत भएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले नेपालले आर्थिक, सांस्कृतिक र कूटनीतिक हितलाई ध्यान दिएर विश्वसनीय र जिम्मेवाररूपमा आफूलाई प्रस्तुत गर्ने बताए ।

प्रधानमन्त्री ओलीले संसद्मा हरेक विषयमा विस्तृत अध्ययन र तयारीका साथ प्रस्तुत हुन र संसद्लाई जिउँदो जाग्दो बनाउन सांसदहरूलाई सुझाव दिए । कार्यक्रममा विश्व व्यवस्थामा नेपालको परराष्ट्र नीति, बदलिंदो भूराजनीतिक परिवेश, जलवायु राजनीति र कूटनीतिजस्ता विषयमा परराष्ट्र मामिला विज्ञहरूले कार्यपत्र प्रस्तुत गरेका थिए ।

**नेपाल टेलिकम**
(नेपाल दूरसञ्चार कम्पनी लि.)
दूरसञ्चार कार्यालय, घण्टाघर, वीरगंज, पर्सा

**सूचना सूचना सूचना**

प्रस्तुत विषयमा वीरगंज महानगरपालिकाको बजार क्षेत्रभित्र यस कार्यालयबाट वितरण गरिएका टेलिफोन लाइनहरू Copper बाट Fiber मा परिवर्तन भइरहेको र केही टेलिफोन लाइनहरू अझै Copper मैं सञ्चालन रहेका हुँदा ती टेलिफोन लाइनहरू पत्रिकामा सूचना प्रकाशित भएको मितिले १० दिनभित्र आफ्नो नाममा भएका टेलिफोन लाइनहरू यस कार्यालयमा सम्पर्क गरी Fiber मा निश्शुल्क परिवर्तन गर्न गराउनुहुन अनुरोध छ । साथै सो समयभित्र Copper बाट Fiber मा परिवर्तन नभएका टेलिफोन लाइनहरू स्वतः बन्द हुने बेहोरा जानकारीको लागि अनुरोध छ ।




वीरगंज भन्सार कार्यालयले सोमवार ७३औं भन्सार दिवस मनाएको छ । दिवसको अवसरमा प्रभातफेरी आयोजना गरिएको थियो । 'हुनेछ व्यापार झनै सहज, प्रविधिमैत्री भन्सारमार्फत', 'भन्सार प्रशासनको प्रतिबद्धता आयात निर्यातमा सहजता', 'आवश्यक घरायसी सामान नेपाली बजारमा नै किन्ने बानी बसालौं' नाराका प्लेकार्डसहित प्रभातफेरी निकालिएको थियो । शब्दचित्रः नितेश कर्ण

# गरीब, विपन्न विद्यार्थीलाई न्यानो कपडा




प्रस, पर्सागढी, ७ माघ/

पर्सागढी नगरपालिका-३ स्थित सानिमा बैंकले सोही वडामा रहेको नेपाल राष्ट्रिय मावि हर्दियाका ११० जना गरीब, विपन्न विद्यार्थीहरूलाई न्यानो कपडा वितरण गरेको छ ।

शाखा प्रमुख मन्दिरा श्रेष्ठले बैंकले प्रत्येक वर्ष समाजिक उत्तरदायित्व निर्वाह गर्दै आएको र सोही क्रममा हिजो विद्यालयमा अध्ययनरत गरीब, विपन्न विद्यार्थीहरूलाई चीसोबाट जोगिनका लागि न्यानो कपडा वितरण गरिएको बताइन् । कार्यक्रममा बैंकका प्रबन्धक दिनेश ढकाल, विद्यालयका प्रधानाध्यापक, शिक्षकहरूको सहभागिता थियो ।

# गरीबलाई कम्बल वितरण

प्रस, वीरगंज, ७ माघ/

सगरमाथा लुम्बिनी इन्स्योरेन्स मधेस प्रदेशले सोमवार पर्सा जिल्लाको छिपहरमाई गाउँपालिका-४ मा रहेका ७० गरीब परिवारलाई कम्बल वितरण गरेको छ ।

चीसोमा सामाजिक उत्तरदायित्व वहन गर्दै पर्सामा सोमवार कम्बल वितरण गरिएको र मधेस प्रदेशका आठवटै जिल्लामा गरीब, विपन्न परिवारलाई कम्बल वितरण गर्ने योजना रहेको सगरमाथा लुम्बिनी इन्स्योरेन्स मधेस प्रदेशका प्रबन्धक निशान्त लामिछानेले बताए ।




कार्यक्रममा वडाध्यक्ष भेडीप्रसाद यादव, स्थानीय अयोध्याप्रसाद चौहान र बीमाका रोशन महासेठ, सन्दीप सिंहलगायतको सहभागिता थियो ।






## स्रोत नखुलेको रकमसहित युवक पक्राउ

प्रस, वीरगंज, ७ माघ/

सशस्त्र प्रहरी बल प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगंजले हिजो दिउँसो स्रोत नखुलेको छ लाखसहित एकजना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

सशस्त्र प्रहरी बल १३ नं गुल्म वीरगंज हेडक्वाटरका प्रवक्ता एवं सशस्त्र प्रहरी नायब उपरीक्षक नरेन्द्र सिंह धामीले बा.४१प ८४९३ नम्बरको मोटरसाइकलमा सवार भारत रक्सौल पन्टोका निवासी ३८ वर्षीय विश्वेशर यादवबाट छ लाख पाँच हजार रकम बरामद भएको र सोको स्रोत नखुलाइएपछि नियन्त्रणमा लिएको बताए ।

## आगो लागेर महिलाको मृत्यु

प्रस, वीरगंज, ७ माघ/

बारा जिल्ला प्रसौनी गाउँपालिका-७ बन्जरिया निवासी ७५ वर्षीया रजिया साह कनुइनको घुर ताप्दा आगो लागेर मृत्यु भएको छ ।

हिजो बिहान ९ बजे घुर ताप्ने क्रममा कनुइनको कपडामा आगो सल्किएर घाइते भएकी थिइन् । उनलाई तत्काल प्रादेशिक अस्पताल कलैया लगिएको र त्यहाँ उपचार सम्भव नभएपछि नारायणी अस्पताल वीरगंज पठाइएको थियो । नारायणीमा पनि उपचार सम्भव नभएपछि राति १० बजेतिर काठमाडौं लग्ने क्रममा बाटोमा मृत्यु भएको बारा प्रहरीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक प्रकाश लम्सालले बताए ।

# खेलकूदको संसार

## एनआई कप क्रिकेट : ग्लोबल र नेशनल विजयी

प्रस, वीरगंज, ७ माघ/

वीरगंजको नारायणी क्रिकेट मैदानमा जारी नेशनल इन्फोटेक कप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार दुईवटा खेल



तस्वीरः सजल श्रेष्ठ

सम्पन्न भएका छन् ।

पहिलो खेल ग्लोबल बिजनेश कलेज र ज्ञानदा एकेडेमीबीच भएको थियो । पहिला ब्याटिङ गरेको ग्लोबलले निर्धारित २० ओभरमा १८.५ ओभरमा सबै विकेट गुमाएर ११३ रन बनाएको थियो । प्रतिउत्तरमा ज्ञानदा १९.३ ओभरमा सबै विकेट गुमाएर १०२ रन बनाएपछि ग्लोबल ११ रन अन्तरले विजयी भयो । ग्लोबलका आबिदबाबू ठकुराईले ५२ रन बनाएर 'म्यान अफ दी म्याच' घोषित भए ।

यसैगरी, दोस्रो खेल अल्पाइन कलेज र नेशनल एकेडेमीबीच भएको थियो । अल्पाइनले पहिला ब्याटिङ गर्दै छ विकेटको नोक्सानीमा १०३ रन बनाएको थियो । प्रतिउत्तरमा नेशनलले १७.१ ओभरमा विकेट नै नगुमाइ १०४ रनको विजयी लक्ष्य पूरा गर्‍यो । १० विकेट अन्तरले विजयी भएको नेशनलका रवीन्द्रसिंह कुँवर ३५ रन बनाएर 'म्यान अफ दी म्याच' घोषित भए ।

## नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित

काठमाडौं, ७ माघ/रासस

मलेशियामा जारी आइसिसी यू-१९ महिला टी-२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको खेलमा नेपाल स्कटल्यान्डसँग एक विकेटले पराजित भएको छ ।




मलेशियाको युकेएम ओभल क्रिकेट मैदानमा सम्पन्न खेलमा नेपालले प्रस्तुत गरेको ७४ रनको लक्ष्य स्कटल्यान्डले १८ दशमलव चार ओभरमा नौ विकेटको क्षतिमा पूरा गर्‍यो ।

स्कटल्यान्डका लागि पिपा स्प्रोलले ४७ बलमा तीन चौकाको सहयोगमा ३५ रन बनाइन् । त्यसैगरी, ग्याब्रियला फोन्टेन्लाले १२ रन जोडिन् ।

बलिङतर्फ नेपालकी सिमाना केसी र रचना चौधरीले समान दुई/दुई विकेट लिए भने कप्तान पूजा महतो र कृष्मा गुरुङले समान एक/एक विकेट लिए ।

त्यस अघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले १८ दशमलव पाँच ओभरमा सबै विकेट गुमाउँदै ७३ रन मात्रै बनाउन सक्यो । नेपालका लागि कप्तान पूजा महतोले ४३ बलमा तीन चौकाको सहयोगमा २७ रन जोडिन् । त्यसैगरी, सावित्री धामीले १० रन जोड्नुबाहेक अन्य ब्याटरले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

स्कटल्यान्डका लागि मैसी म्याकिरा एक्लैले पाँच विकेट लिइन् भने अमी बलडाइ र नइमा शेखले समान दुई/दुई विकेट लिए । त्यस्तै, क्रिस्टी म्याकोलले एक विकेट झारिन् ।

प्रतियोगितामा नेपालको यो लगातार दोस्रो हार हो । यस अघि भएको पहिलो खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको थियो । जीतसँगै स्कटल्यान्डले सुपर सिक्समा पुग्ने सम्भावनालाई बलियो बनाएको छ । स्कटल्यान्ड पहिलो खेलमा अस्ट्रेलियासँग पराजित भएको थियो ।

## प्रधानमन्त्री कप महिला क्रिकेट : कोशी प्रदेश लगातार विजयी

फाप्ला (कैलाली), ७ माघ/रासस

कोशी प्रदेश जारी प्रधानमन्त्री कप महिला राष्ट्रिय टी-२० क्रिकेट प्रतियोगितामा लगातार आफ्नो दोस्रो खेलमा विजयी भएको छ । सोमवार भएको खेलमा कोशीले मधेस प्रदेशलाई ४७ रनले पराजित गरेको हो । कोशीले यस अघि पहिलो खेलमा बाग्मती प्रदेशलाई हराएको थियो । जीतसँगै समूह 'बी'मा रहेको कोशी चार अङ्कका साथ तालिकाको शीर्ष स्थानमा उक्लिएको छ ।

धनगढीस्थित फाप्ला मैदानमा आज भएको दोस्रो खेलमा कोशीले दिएको १०७ रनको लक्ष्य पछ्याएको मधेसले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा ५९ रन मात्रै बनाउन सक्यो । मधेसका लागि प्रतिमा साहले सर्वाधिक १७ रन जोडिन् । अन्य ब्याटरले दोहोरो अङ्कमा रन बनाउन सकेनन् । बलिङतर्फ कोशीका लागि कप्तान रूविना क्षत्रीले तीन तथा अलिशा खडिया र ज्योति दनुवारले दुई/दुई विकेट लिए ।

यस अघि टस जितेर पहिला ब्याटिङ गरेको कोशीले २० ओभरमा पाँच विकेटको क्षतिमा १०६ रन बनायो । उसका लागि कप्तान रूविना क्षत्रीले अर्धशतकीय पारी खेल्दै ५७ रन बनाइन् । यस्तै, टीका शाहले २१ रन बनाइन् ।

बलिङतर्फ मधेसका लागि प्रतिमा साहले दुई विकेट हात पारिन् । कोशीकी कप्तान रूविना 'प्लेयर अफ दी म्याच' भइन् ।